## मजदुर दिवस औपचारिकता मात्र

काठमाडौं । आज मे १ अर्थात १३० औं अन्तर्राष्ट्रिय मजदुर दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइयो । विभिन्न राजनीतिक दल आवद्ध मजदुर संगठनहरुले विभिन्न कार्यक्रम आयोजना गर्दै मे १ मनाएका छन् । मजदुर दिवसको दिन सरकारले सार्वजनिक विदा दिएको छ ।

सन् १८८६ मे १ मा अमेरिकाको शिकागोमा आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जनको माग गर्दै मजदुरहरुले गरेको आन्दोलन बाँकी ८ पेजमा

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित) साप्ताहिक

## ऐक्यबद्धता र्‍याली

काठमाडौं । २६ औं विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा नेपाल पत्रकार महासंघले 'प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका लागि ऐक्यवद्धता र्‍याली आयोजना गरेको छ । बबरमहलबाट शुरू भएको र्‍याली बिजुलीबजार हुँदै नयाँ बानेश्वरस्थित संघीय संसद् भवनअगाडि पुगेर कोणसभामा परिणत भएको थियो ।

र्‍यालीमा सहभागीहरुले 'प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता हामी सबैको ऐक्यवद्धता', 'प्रेस स्तन्त्रता कायम गर' लेखिएका प्लेकार्ड बोकेका थिए । सो अवसरमा महासंघका अध्यक्ष गोविन्द आचार्यले सञ्चार क्षेत्रलाई पुनः बाँकी ८ पेजमा

वर्ष ८ अंक ३, २०७६ साल वैशाख २० गते शुक्रबार, नेपाल संवत् ११३९ (May 3, 2019) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

# जेलिन्स्की जितको राजनीतिक सन्देश

काठमाडौं । हालै सम्पन्न युक्रेनको राष्ट्रपतीय निर्वाचनमा जेलिन्स्की नामका एक जोकर (हास्य कलाकार) विजयी भएको घटनाले विश्वचर्चा पाएको छ । राजनीतिक दल र तिनका नेताहरु जब जनउत्तरदायी हुँदैनन्, राजनीतिलाई जनसेवाका रुपमा लिँदैनन् र व्यवसाय बनाउँछन्, आर्थिक भ्रष्टाचारमा लिप्त हुन्छन् अनि विलासी जीवनशैली अपनाएर जनताबाट दुर हुन्छन्, जनताले तिनलाई सजाय दिएरै छोड्छन् । बुलेट बोकेका नेताहरुलाई ब्यालेटद्वारा जनताले निर्वाचनमा हराएर सवक सिकाउँछन् । जेलिन्स्कीको जित यसकै एउटा दृष्टान्त हो । युक्रेनका राजनीतिक दलहरु र दलका नेताहरु निकम्मा सावित भएको सबुत हो जेलिन्स्कीको जित । यदि त्यहाँका राजनीतिक दलका नेताहरुले जनताको दिल जितेका हुन्थे भने एक जोकरलाई जिताएर भद्दा मज्जाक किन गर्थे युक्रेनीहरुले ।

एक हास्यकलाकार तथा टेलिभिजनमा हास्य कार्यक्रम सञ्चालन गर्ने गैरराजनीतिक चरित्रका भोलोदिमिर जेलिन्स्कीले ७३ प्रतिशत मत हासिल गर्दै विजय हात पार्नु राजनीतिमा एउटा



चमत्कारिक उल्टाफेरा नै हो । एक अमेरिकी विद्वानको कथन छ- मानिसले सबैभन्दा बढी झुट चुनावका बेला बोल्छ ।' चुनावमा जनमत आकर्षित गर्न राजनीतिक दलहरुले घोषणापत्र तयार गर्छन् । दलको घोषणापत्र वास्तवमा प्रतिबद्धता पत्र हो । कुन दलले देश र जनताका पक्षमा कस्तो कार्यक्रम ल्याएको छ त्यसको ऐना हो घोषणापत्र ।

त्यसैलाई विश्वास गरेर जनताले दल र तिनका उम्मेदवारको भाग्य फैसला गर्छन् । जनताले एकपटक झुक्याउन सकिन्छ पटक पटक सकिँदैन भन्ने उदाहरण पेस गरिदिएका छन् युक्रेनीहरुले । त्यहाँका दलहरुको मिठो आश्वासनको पुलिन्दालाई पटक्कै विश्वास गरेनन् उनीहरुले ।

युक्रेन पछिल्लो समय पश्चिमा शक्तिराष्ट्र र रसियाबीचको रणनीतिक स्वार्थको प्ले ग्राउन्ड बनेको छ । केही वर्षअघि युक्रेनबाट क्रिमियालाई रुसी मानचित्रभित्र पारियो । युरोपकै नक्सा बदलिएको यो घटनालाई युक्रेनी जनताले बिर्सिएका छैनन् । अहिले पनि युक्रेनको पूर्वी भाग दनवस्कमा सशस्त्र गृहयुद्ध चलिरहेको छ । रसियन समर्थकहरुले पृथकताका लागि चलाएको यस्तो गृहयुद्धले फेरि युक्रेनको क्षेत्रफल साँघुरिने सम्भावनाबाट युक्रेनी जनता चिन्तित छन् । विभाजनको लक्ष्य बोकेको यस सशस्त्र गृहयुद्धलाई नियन्त्रणमा लिन युक्रेनका राजनीतिक दलहरुले साझा दृष्टिकोण बनाउन सकेनन् । राष्ट्रपति पेट्रो पोरोसेन्कोले संस्थागत बनेको भ्रष्टाचारलाई शून्य सहनशीलतामा ल्याउन सकेनन् । अर्थतन्त्रमा छाएको मन्दी र पूर्वी क्षेत्रको सशस्त्र संघर्षले आक्रान्त बनेको छ युक्रेन । करिब चार करोड २० लाख जनसंख्या रहेको युक्रेन नब्बेको दशकमा सोभियत संघको विघटनपछि स्वतन्त्र राष्ट्र बनेको हो ।

युक्रेनमा धनी र गरिबबीचको खाडल झनै गहिरिएको छ । एकाधिकारवादी ठूला तर थोरै संख्याका व्यापारीले राज्यसत्ताका आडमा सम्पत्ति कुम्ल्याएका छन् । आजपर्यन्त युक्रेनमा जुन सरकारहरु आए भ्रष्टाचारबाट कोही मुक्त रहेनन् । चुनावताका जनताका हितमा काम गर्ने दलहरुले वाचा गरे तर सत्तामा पुगेपछि आफूले जनतासँग गरेका कबुलहरु बिर्सिदिए । निवर्तमान राष्ट्रपति पोरोसेन्कोको भ्रष्ट र जाली सरकारलाई युक्रेनी जनताले मतपत्रद्वारा सत्ताच्युत गरिदिएका छन् । पोरोसेन्कोअघि राष्ट्रपति भिक्टर यानोकोभिचलाई जनताले सडक विद्रोहबाट हटाएका थिए । अहिलेको युक्रेनको निर्वाचन परिणाम पनि एक विद्रोह नै हो । साथै परम्परागत राजनीतिप्रतिको असन्तोष पनि । परम्परागत राजनीतिक दल र तिनका नेताले जनतालाई ढाँट्ने, छल्ने र आश्वासनले मात्र आकर्षित गर्न नसक्ने सुन्दर उदाहरण हो- जेलिन्स्कीको सत्ता आरोहणको घटना ।

विश्व राजनीतिमा यस्ता चमत्कारिक राजनीतिक परिघटनाहरु घट्नेक्रम जारी छ । सञ्चार र प्रविधिको यो दुनियाँमा परम्परागत मूल्य, मान्यता, सोच र मानवीय व्यवहार पनि बदलिँदै गएका छन् । भइरहेको बाँकी ८ पेजमा

## गैरकानुनी नागरिकताको बिगबिगी

परासी । जन्मसिद्ध नागरिकका सन्तानलाई वंशजको आधारमा नागरिकता दिने गृहमन्त्रालयको परिपत्रले हजारौं भारतीयहरुले नेपाली नागरिकता हात पारेको समाचार प्रकाशमा आइरहेका छन् । सर्वोच्च अदालतले पनि गृहको परिपत्रलाई लाहाछाप ठोकेपछि तराईमा बिहार र उत्तर प्रदेशका भारतीयहरुले लाइन बसेरै नेपाली नागरिकता भटाभट लिन थालेको पुष्टि भएको छ । सर्वोच्च अदालतले केही दिनअघि २०५४ मा वितरण गरिएका जन्मसिद्ध नागरिकका सन्तानलाई वंशजको नागरिकता नदिन आदेश गरेपछि भारतीयहरुले नागरिकता लिने क्रम केही सुस्ताएको छ । तर सर्वोच्चको आदेशअघि नै धेरै भारतीयहरुले नेपाली नागरिकता पाइसकेको बुझिएको छ ।

यसैबीच जिल्ला प्रशासन कार्यालय पश्चिम नवलपरासीले वंशजका आधारमा वितरित चार सय नागरिकता रद्द गरेको छ । रद्द गरेका नागरिकतालाई पुनः कायम गरी नयाँ प्रदान गर्न थालिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । बाँकी ८ पेजमा

## बढ्यो बेरोजगारी

काठमाडौं । विगतका वर्षको तुलनामा बेरोजगारीको संख्या अत्यधिक बढेको छ । ११ वर्षअघि सन् २००८ मा २ दशमलव ८ प्रतिशत रहेको बेरोजगारी संख्या दर बढेर अहिले ११ दशमलव ४ प्रतिशत पुगेको छ । केन्द्रीय तथ्यांक विभागले सार्वजनिक गरेको 'श्रमशक्ति सर्वेक्षण-२०१९' अनुसार अहिले बेरोजगारी दर बढेर ११ दशमलव ४ प्रतिशत पुगेको हो ।

तथ्यांक विभागले सार्वजनिक गरेको श्रमशक्ति सर्वेक्षणअनुसार अहिले मुलुकमा ९ लाख ८ हजार नेपाली बेरोजगार छन् । जसमध्ये ५ लाख ११ हजार पुरुष र ३ लाख ९७ हजार जना महिला रहेका छन् । यी बेरोजगार हरूमध्ये हाल श्रम बजारमा ८० लाख नेपाली उपलब्ध छन् । तथ्यांक विभागले यसअघि सन् २००८ मा गरेको सर्वेक्षणमा बेरोजगारी दर २ दशमलव ८ प्रतिशत र सन् १९९८ मा जम्मा १ दशमलव ९ प्रतिशत मात्र थियो ।

केन्द्रीय तथ्यांक विभागका उपमहानिर्देशक नेबिललाल श्रेष्ठले अघिल्ला सर्वेक्षणमा स्वयंसेवकका रूपमा काम गर्नेलाई पनि रोजगार मानिएकाले बेरोजगारी दर कम रहेको बताए । पछिल्लो सर्वेक्षणअनुसार अहिले कुल ७० लाख ८६ हजार जनसंख्यामा रोजगारीको पहुँच पुगेको छ । यसपटक विभागले वस्तु तथा सेवा उत्पादन र त्यसको उपभोग तथा नाफा आर्जन गर्ने क्रियाकलापलाई मात्र रोजगार मानेको छ ।


मुलुकमा १५ वर्षभन्दा बढी उमेरका २ करोड ७ लाख ४४ हजार जनसंख्या छ । जसमध्ये ७९ लाख ९४ हजारको संख्यामा श्रमशक्ति बजारमा उपलब्ध छ । यीमध्ये करिब ४३ लाख वैदेशिक रोजगारीमा रहेको तथ्यांक छ । बाँकी श्रमशक्तिबाट मुलुकमा रोजगारी पाएका ६२ दशमलव २ प्रतिशत अनौपचारिक क्षेत्रमा कार्यरत छन् ।

विभागका तथ्यांक अधिकृत पृथ्वीविजयराज सिजापतीले अघिल्लो सर्वेक्षणभन्दा यसपटकको सर्वेक्षणमा बेरोजगारीको संख्या अत्यधिक बढेको बताए । बाँकी ८ पेजमा

## कागजमा हट्यो भारतीय परनिर्भरता

काठमाडौं । राष्ट्रपति विद्यादेवी भण्डारीको राजकीय भ्रमणका क्रममा नेपाल र चीनबीच सातवटा सम्झौतामा हस्ताक्षर भएको छ ।

सम्झौताहरुमा सबैभन्दा महत्वपूर्ण नेपाल र चीनबीचमा यातायात तथा पारवहन सम्झौताको प्रोटोकल रहेको छ । १७ बुँदा रहेको सो प्रोटोकलमा नेपालको तर्फबाट परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले हस्ताक्षर गरेका छन् भने चीन सरकारको तर्फबाट चिनियाँ यातायात मन्त्री ली सियाओफङले हस्ताक्षर गरेका छन् । विगत चार दशकदेखि छलफलमा रहे पनि नेपाल र चीनबीचमा यातायात तथा पारवहन प्रोटोकल बन्न सकेको थिएन । तीन वर्ष अगाडि प्रधानमन्त्रीका रुपमा केपी शर्मा ओलीको पहिलो चीन भ्रमण गर्दा नेपाल र चीनबीचमा यातायात तथा पारवहन सम्झौतामा हस्ताक्षर भएको थियो । सम्झौता भए पनि यसलाई कार्यान्वयन गर्नका



लागि प्रोटोकल अनिवार्य रहेकाले दुई देशका अधिकारीहरु प्रोटोकल बनाउन जुटेका थिए । चीन भ्रमणपछि केपी ओली प्रधानमन्त्रीबाट हटेपछि प्रोटोकल निर्माणको काम पनि सुस्ताएको थियो । फेरि केपी ओली प्रधानमन्त्री बनेपछि प्रोटोकल निर्माणले गति लिएको हो । गत वर्ष उनको दोस्रो भ्रमणका समयमा प्रोटोकलमा हस्ताक्षर हुने चर्चा चले पनि प्रोटोकलले मूर्त रुप लिइनसकेकाले हस्ताक्षर हुन सकेको थिएन ।

प्रोटोकलमा बाँकी ८ पेजमा

## काश्मीरमा मतदान बहिस्कार

काठमाडौं । भारतमा जारी लोकसभा निर्वाचन अन्तर्गत सोमबार भएको मतदानमा काश्मीरका अधिकांश जनताले मतदान बहिस्कार गरेका छन् ।

काश्मीरको एक विधानसभा सिटका लागि भएको मतदानमा ९.९८ प्रतिशत मात्रै भोट खसेको भारतीय निर्वाचन आयोगले जनाएको छ । सोमबार विभिन्न ९ वटा राज्यका ७१ लोकसभा सिटका लागि मतदान सम्पन्न भएको छ ।

महाराष्ट्रका १७, उत्तर प्रदेश र राजस्थानका १३-१३, पश्चिम बंगालका ८, मध्य प्रदेश र उडिसाका ६-६ सिट, बिहारका ५, झारखण्डका ३ बाँकी ८ पेजमा

## १५ खर्बको बजेट आउने

काठमाडौं । बजेट अधिवेशनका रुपमा चल्ने संघीय संसद्का दुवै सदनको चौथो (वर्षे) अधिवेशन सुरु भएको छ । यो अधिवेशनमा सरकारले आफ्नो वार्षिक नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्नेछ । सरकारले आगामी आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम केही दिनमै प्रस्तुत गर्ने गरी तयारी गरिरहेको छ । संवैधानिक व्यवस्था अनुसार सरकारले वार्षिक बजेट १५ जेठमा प्रस्तुत गर्नुपर्ने व्यवस्था छ ।

बजेट अधिवेशन सुरु भएसँगै सांसदहरू बजेटमा आफ्ना योजना तथा कार्यक्रम पार्न अर्थ मन्त्रालयदेखि अन्य विभिन्न मन्त्रालय धाइरहेका छन् । सरकारले भने आगामी आर्थिक वर्ष २०७६/७७ को लागि करिब १५ खर्बको बजेट बनाउने तयारी गरेको छ ।

सरकारले आगामी बजेटले क्षेत्रगत र समग्र पुँजी निर्माण, रोजगारी सिर्जना, गरिबी निवारण, शासकीय सुधारलगायतका उत्पादकत्व अभिवृद्धि गर्ने क्षेत्रलाई बजेटमा उच्च प्राथमिकता दिने भएको छ । बढ्दो ब्यापार घाटा न्यूनीकरण गर्ने तथा आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन र वस्तु तथा सेवा उत्पादनमा वृद्धि गर्ने, उच्च प्रतिफल दिने तथा तत्काल आर्थिक सामाजिक लाभ हासिल हुनसक्ने क्रमागत आयोजनाकार्यक्रमले बजेटमा प्राथमिकता पाउने छन् । आयोगले आगामी वर्षको बजेट तर्जुमा गर्दा उत्पादनशील क्षेत्रमा रोजगारी सिर्जना, न्योयोचित वितरण तथा सामाजिक संरक्षण र सुरक्षा सहितको आर्थिक वृद्धि हासिल हुने क्षेत्रलाई प्राथमिकतामा राखेको छ । बाँकी ८ पेजमा

समय-सन्दर्भ

## लाखौं भारतीयलाई नेपाली बनाइँदै

भरत दाहाल

नेपाललाई विदेशीहरूको देशका रूपमा परिणत गरेर छिन्नभिन्न पार्ने साम्राज्यवादी योजना 'नागरिकता ऐन संसोधन विधेयक'का रूपमा पारित गर्न संसदमा जादैछ । संसदीय समितिमा रामखिएका विदेशी जासुसहरू र एनजिओले पालेका केहि आईमाईहरूले यसमा सहमति गरिसकेका छन् ।

यसलाई धेरै हल्ला र बहसको को विषय बन्न नदिएर यहि हप्ताभित्रै तुरुन्त संसदबाट पारित गर्ने योजना बनेको छ । जन्मका आधारको नागरिकता लिएका विदेशीहरूका सन्तानलाई वंशजको नागरिकता दिने, यस्ता विदेशीहरू राष्ट्रपति र प्रधानमन्ति बन्न पाउने, आमाबाबुको ठेगान नभएका तर नेपालको सरहदभित्र भेटिएका बच्चाहरूलाई नेपाली नागरिकता दिने, भेटिएका विदेशीसंग विवाह गरेका वा



विदेशीहरूको गर्भ बोकेका महिलाका सन्तानहरूलाई आमाले लिएको नेपाली नागरिकताका आधारमा वैशजको नागरिकता दिने र नक्कलि नागरिकता लिएका २ जना व्यक्ति र अर्को कर्मचारीको सिफारिसमा जसलाई पनि नागरिकता दिन सकिने प्रावधान सहितको विधेयक संसदमा जादैछ ।

बाबुको ठहर नभएका बहानामा विदेशी बच्चाहरूलाई हुर्काउनका लागि तराईमा पश्चिमी लगानिमा धमाधम अनाथालयहरू निर्माण भैरहेका छन् । 'आमाबाबुको ठेगान नभएका तर नेपालको सरहदभित्र भेटिएका बच्चाहरूलाई नेपाली नागरिकता दिने' नीति अन्तर्गत बिहारबाट लाखौं अनाथ बच्चाहरू ल्याएर नेपाली नागरिकता दिनका लागि यस्ता अनाथालयहरू बनाईदैछन् ।

यो विधेयकलाई पारित गर्न दबाव दिनका लागि उपेन्द्र यादवलाई केहि दिनभित्रै सरकारबाट बाहिर निकालिदैछ । पुष्पकमल दाहालले यहि मस्यौदा पारित गर्न दबाव दिनका लागि केहि दिन पहिले सिराहामा नागरिकता विधेयक हुवहु पारित हुनु पर्ने धम्किएका गरेका थिए । यिनीहरूको रणनीति सरकार ढाल्ने त्रास देखाएर विधेयक पारित गराउने छ ।

सबै ब्यँतनुहोस् ! अब तपसिलका कुरामा कलम चलाउन बन्द गर्नुहोस् ! नेपालको अस्तित्व नागरिकता ऐनले समाप्त पार्ने बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी : गोविन्द विक

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा.द्वारिकानाथ ढुंगेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# मई दिवस र नेपाली श्रमिक

विश्वभरका श्रमिकहरूको पर्वका रूपमा रहेको १३० औं अन्तर्राष्ट्रिय श्रमिक दिवस नेपाली मजदुरहरूले पनि मनाएका छन् । विभिन्न राजनीतिक दलहरूका भातृ संगठनका रूपमा रहेको मजदुर संगठनहरूको अगुवाइमा कार्यक्रमहरूसहित मजदुर दिवस मनाए तापनि बहुसंख्यक मजदुर वर्ग खासगरी असंगठित क्षेत्रमा कार्यरत मजदुरहरू यस दिन पनि काममा नै व्यस्त रहे । मई दिवसका दिन सरकारले विदाको घोषणा गरे पनि दैनिक ज्यालादारीमा खटिनुपर्ने मजदुरहरू यसबारेमा अनभिज्ञ नै रहे । प्रधानमन्त्री केपी ओलीले मजदुर दिवसको अवसरमा सन्देश व्यक्त गर्दै स्वदेशमै रोजगारी सिर्जना गर्न सरकार प्रतिबद्ध रहेको कुरा बताएका छन् भने विभिन्न राजनीतिक दलका नेताहरू र यस क्षेत्रसँग सरोकार राख्नेहरूले आआफ्ना ढंगका शुभकामना सन्देशहरू सञ्चारमाध्यममा प्रवाह गरेका छन् ।

नेपाली श्रम बजारमा हरेक वर्ष ५ लाख युवाहरू काम गर्न योग्य बन्छन् । तर यसरी योग्यता पुगेका युवाहरूलाई स्वदेशमा रोजगारीको अवसर छैन । भएका सीमित अवसरहरू पनि न्यून ज्यादादर, अन्तर्राष्ट्रिय श्रम संगठनले तोकेको मापदण्ड विपरीतको कार्य समय र अन्य विभिन्न तरिकाबाट मजदुरहरू शोषित, पीडित बन्दै आएका छन् । मुलुकमा अहिले कम्युनिस्टको सरकार छ । कम्युनिस्टको सरकार आफैंमा सबैभन्दा बढी मजदुरमैत्री बन्नुपर्ने हो । मजदुर किसानका गीत गाएर नथाक्ने र चर्को भाषण गरेर किसान, मजदुरहरूलाई आन्दोलनको औजार बनाएर प्रयोग गर्नेहरूले सत्ता प्राप्तिपछि छेपारो चरित्र अथवा रंग फेर्ने चरित्र देखाएका कारण नेपाली श्रमिकहरूले घनघोर दुःख पाइरहेका छन् । श्रम ऐन २०७४ ले श्रमिकलाई दैनिक ८ घन्टा, साप्ताहिक रूपमा ४८ घन्टाभन्दा बढी समय काममा लगाउन नपाउने व्यवस्था गरिएको छ । तर यस विपरीत औद्योगिक प्रतिष्ठानले ओभरटाइमको ज्याला बिनै काममा लगाउने र ऐनबमोजिम तोकिएको पारिश्रमिक नदिने जस्ता काम गरिरहेका छन् । एक सर्वेक्षणले ४२.३७ प्रतिशत औद्योगिक प्रतिष्ठानहरूले न्यूनतम पारिश्रमिक नदिएको रिपोर्ट देखाएको छ । त्यसैगरी ४४ प्रतिशतभन्दा बढी मजदुरहरूलाई रोजगारी सम्झौता र नियुक्तिपत्र बिनै काममा लगाइएको छ । विभिन्न प्रतिष्ठानमा ३ दशमलव ३९ प्रतिशत बाल श्रमिकहरू अझै कार्यरत रहेका छन् ।

श्रमिकको हितमा थुप्रै ट्रेड युनियनहरू त्यसैगरी विभिन्न नामका एनजीओ आइएनजीओहरू कार्यरत रहे तापनि नेपाली मजदुरको वास्तविक सर्वेक्षण गरेर तथ्यांक निकाल्ने कामसम्म हुन सकेको छैन । अत्यन्तै थोरै रोजगारीका अवसर रहेको हाम्रोजस्तो मुलुकमा विदेशी मजदुर खासगरी भारतीय श्रमिकहरूको ठाडो हस्तक्षेप रहेको छ । संगठित क्षेत्रमा राम्रो तलब पाउने ठाउँमा भारतीय मजदुरहरूकै हालीमुहाली रहेको छ भने असंगठित क्षेत्रका रूपमा रहेको घर, निर्माण, बाटोघाटो, निर्माण र कृषि क्षेत्रमा पनि ठूलो संख्यामा भारतीयले रोजगारी पाइरहेका छन् । भारतीय श्रमिकको संख्या ठूलो भएकै कारण भारतमा रेमिट्यान्स भित्रिने मुलुकहरूमा अग्रपंक्तिमा नेपालको नाम आउने गरेको छ ।

पञ्चायत कालको अन्त्यतिर मरिचमान सिंह श्रेष्ठको प्रधानमनित्रत्व कालमा श्रम विभागअन्तर्गत नेपाली र विदेशी श्रमिकहरूले वर्क परमिट लिनुपर्ने व्यवस्था लागू भएको थियो । वर्क परमिट लागू भएपछि कुनै पनि काम गर्न श्रम विभागबाट परिचयपत्र लिनुपर्थ्यो । यो प्रक्रियाले एकातिर श्रमिकको वास्तविक संख्या एकिन हुन्थ्यो भने अर्कातिर श्रमिकको भेषमा छुपेर अपराधिक क्रियाकलाप गर्नेहरूको संख्यामा पनि न्यूनता आउने थियो । त्यसैगरी भारतबाट आएर काम गर्नेहरूले बर्सेनि भारतीय कामदारको परिचयपत्र नवीकरण गर्नुपर्ने हुनाले नक्कली नेपाली नागरिक बन्ने सम्भावना पनि रहने थिएन । तर भारत सरकारले वर्क परमिट खारेजीको दबाब दियो र १० जुन, १९९० को कृष्णप्रसाद भट्टराईको भारत भ्रमणमा वर्क परमिट खारेज गरियो । जसको परिणाम भारतीय श्रमिकको नेपाली श्रम बजारमा झन् ठूलो दबदबा वृद्धि भयो ।

नेपाली युवाहरू रोजगारीको अभावमा खाडी राष्ट्र, मलेसिया, जापान, कोरिया लगायत विश्वका विभिन्न मुलुकमा कडा परिश्रम गर्न विवश छन् । झन्डै ५० लाखको हाराहारीमा नेपाली युवा विदेशिएका छन् । राष्ट्र निर्माणमा लाग्नुपर्ने युवा जनशक्ति बाहिरिँदा नेपाललाई ठूलो घाटा भएको छ । अब सरकारले कुरा र गफले मात्र होइन, वास्तविक रूपमै काम गरेर नेपालमा रोजगारीका अवसर सिर्जना गर्न सक्नुपर्छ । वैदेशिक रोजगारका युवालाई स्वदेशमै रोजगारीको अवसर प्रदान गर्ने र स्वदेशमा कार्यरत श्रमिकहरूलाई तोकिएको मापदण्ड अनुसार काम र ज्याला प्रदान गर्ने वातावरण सरकारले निर्माण गर्न सक्नुपर्छ । त्यसैगरी मजदुरको स्वास्थ्य, सन्ततिको शिक्षादीक्षामा राज्यले जिम्मेवारी बहन गर्नुपर्छ । अनिमात्र मजदुर दिवसको अर्थ रहनेछ ।

# राष्ट्रपति भण्डारीको चीन भ्रमण : नेपालले के पायो त ?

**सुरेन्द्र ढकाल**



चीनस्थित नेपाली दुतावासले राष्ट्रपति भण्डारीको चीन भ्रमणको अन्त्यतिर प्रकाशमा ल्याएको प्रेस विज्ञप्तिले नेपाली राष्ट्रपतिलाई चीनले उच्च सम्मान प्रकट गरेको र उक्त भ्रमणको अवधिमा निम्न कुराहरुको बारेमा निर्णय भएको जनाएको छ ।

१) चीनले नेपाललाई विभिन्न योजनामा खर्च गर्ने भनेर एक विलियन युआन ( १६ अरब ५४ करोड नेपाली रुपैयाँको) सहयोग गर्ने भएको छ । उक्त रकम आपसी सहमतिको आधारमा भूकम्पपछिको पुनरनिर्माण र जनजीविका प्रवर्द्धन गर्ने आय आर्जनमा खर्च गरिने जनाइएको छ ।

२) दुवै राष्ट्रपतिहरुबीच भएको द्विपक्षीय वार्तापश्चात उनीहरुकै उपस्थितिमा ७ बुँदे सम्झौतामा पनि हस्ताक्षर भएको छ । जसअनुरुपः

क) ब्यापार पारवहन सम्बन्धी प्रोटोकल, ख) नेपालमा रहेको चिनियाँ सहयोगमा संचालित योजना मर्मत र जिर्णोद्धारसम्बन्धी कार्यहरुको प्रमाणपत्र हस्तान्तरण, ग) भन्सार प्रशासनको सुदृढीकरणमा दुवै पक्षको पारस्परिक सहयोग, घ) नेपालमा उत्पादित वस्तुको स्तर प्रमाणीकरण सम्बन्धी सहमति, ङ) आर्थिक र प्राविधिक सहयोग, च) नेपालका उत्तरी क्षेत्रका जिल्लाहरुमा संचालन गरिने जिवीकोपार्जन र आय आर्जनसम्बन्धी योजना, र छ) अन्तरदेशीय सांस्कृतिक सम्पदाको चोरी र ओसारपसार, गैरकानुनी आयात निर्यात नियन्त्रणसम्बन्धी कुराहरु परेका छन् ।

सहमतिमा हस्ताक्षर गर्नुअघि चिनियाँ राष्ट्रपति सिले नेपालले अंगिकार गरेको एक चीन नीतिको प्रशंसा गर्दै दुवै देशलाई जोड्ने हिमालय पार यातायात सञ्जालको विकास तथा रेलमार्ग संचालन, शिक्षा, पर्यटन, ब्यापार, लगानी, सीमा क्षेत्रमा संयुक्त आर्थिक क्षेत्रको स्थापना र विकास र, नेपाल पुगौं वर्ष २०२० (Visit Nepal Year) सफल पार्न धेरै चिनियाँ पर्यटकलाई नेपाल पठाउने जस्ता कुरामा चीनको सहयोग रहने प्रतिबद्धता जनाएको बताइएको छ ।

सम्झौताअनुरुप कार्य भएमा नेपाली आयात निर्यात ब्यापारीहरुलाई चीन भएर तेस्रो देशसँग ब्यापार गर्न चीनको त्यानजिन, सेनचेन, लियानयुनगांग र चानचियाङसहित ४ सामुद्रिक बन्दरगाहहरु, र लानचो, ल्हासा र सिगात्सेको सुख्खा बन्दरगाहहरु उपलब्ध हुने छ ।

सम्झौतामा हस्ताक्षर हुनुअघि नेपालले औपचारिक रुपमा चीनसमक्ष सहयोगको अनुरोध गर्दै नौ वटा योजनाको सूची अघि सारेको थियो जस्मा तीनवटा सडक आयोजना, दुईवटा जलविद्युत योजना, एउटा सीमापार रेल यातायात, एउटा सीमापार विद्युत प्रसारण लाइन, र एउटा मदन भण्डारीको नाममा प्राविधिक विद्यालय स्थापना आदि परेको थियो ।


भ्रमणअघि चीनसमक्ष प्रस्ताव गरिने योजनाहरु पहिचान गर्न नेपाल सरकारले परराष्ट्र र अर्थ सचिवको नेतृत्वमा दुईवटा समिति समेत गठन गरेको थियो । तर यी समितिहरुले जति छिटो काम गरोस् भनेर चीनले चाहेको थियो सो अनुरुपको गतिमा काम नभएको जनाइ चिनिया पक्षले खास खास योजनाहरु एकहोरो अंकमा प्रस्तुत गर्न जोड गरेको थियो ।

प्रस्तावित नेपाल चीन सहयोगसम्बन्धी आयोजनाहरुको लागि आवश्यक धनराशि चीनबाट आर्थिक सहयोग, प्रत्यक्ष विदेशी लगानी, सहुलियतसहितको कम ब्याजमा ऋण, चीनको पूर्वाधार विकास बैंकको ऋण वा विआर आई परियोजना आदि अन्तर्गत कुन रुपमा हुने हो सो तय गर्ने कुरामा नेपालको अर्थमन्त्रालय चिनियाँ पक्षसँग कुराकानी गरिरहेको परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीले जनाएका छन् र अरु सहयोगहरु नेपाली पक्षको कार्यक्षमताको आधारमा मात्रै तय हुन सक्ने कुरा स्पष्ट भएको छ ।

यता परराष्ट्रविदहरु भने दोस्रो विआरआई सम्मेलनमा पारित भएका ६४ वटा आयोजनामध्ये नेपाल चीनबीच सीमापार रेलवे र बहुपक्षीय सीमापार संजालको विकासजस्ता दुई ठूला एजेण्डाहरु सम्मेलनपश्चात जारी भएको संयुक्त वक्तव्यभित्र पर्नु पनि नेपालको लागि ठूलो उपलब्धि भएको मान्दछन । यद्यपि यी कुराहरु नेपाल चीनबीचको द्विपक्षीय वार्तामा आउन भने सकेन । त्यसो हुनुमा यी दुई ठूला आयोजनाहरुको कसरी कार्यान्वयन गर्ने भन्ने कुरामा नेपालको ठोस प्रस्ताव आउन नसकेको र भविष्यमा नेपाली पक्षले राजनीतिक, प्रशासनिक र प्राविधिक इच्छा शक्ति र क्षमताको प्रदर्शन गर्नुपर्ने बताउँछन् । उनीहरु के पनि भन्छन् भने नेपालका परराष्ट्र नीति यति फितलो भएको छ कि नेपाल इण्डो प्यासिफिक स्ट्राटेजीबाट ५०० मिलियन (५० करोड) डलरको अमेरिकन सहयोग पाइन्छ नै भनेर नेपाल चीन र नेपाल उत्तर कोरिया सम्बन्धमा खलल पुऱ्याउने शर्तहरु मान्दछ भने अर्कोतर्फ विआरआई परियोजनाबाट पनि ठूलो अपेक्षा राख्छ जुन आफैंमा विवादास्पद छ ।

त्यसै गरी एकातर्फ नेपाल सरकार नेपाल चीन सीमापार रेल यातायात संञ्जाल जोडी भारतसँगको एकाधिकार पूर्ण परनिर्भरता अन्त्य गर्न चाहेको पनि देखाउँछ भने त्यसको ठ्याक्कै विपरीत नेपालका नेताहरुको द्वैध चरित्रले नेपाल चीनबीच बन्न लागेका सम्भावनाहरु पनि बिथोलिने हो कि डर रहेको अर्को पक्षको विश्लेषण रहेको छ । यस परिप्रेक्ष्यमा हालको भ्रमणको उपलब्धि भनेको माथि उल्लेख गरे बमोजिमको एक अरब युआन चिनियाँ सहयोग मात्रै हो बाँकी कुरा नेपाल आफ्नो असंलग्न परराष्ट्र नीतिमा कति अडिग रहन सक्छ र नेपाल चीनबीचको सम्बन्धलाई कति उचाइमा लैजान चाहन्छ, त्यसमा निर्भर गर्दछ ।

# परिशीलन



**जगदीश लामिछाने**
रौतहट, पौराई

जंगबहादुरले गरेको गगनसिंह खवास हत्या कोतपर्व बेठिकै भए पनि राष्ट्रलाई ४ जिल्ला मात्र अंग्रेजसँग फिर्ता लिएर स्वदेशको ऋण उसैबखत केही फिर्ता गरे । अहिले सन् १९४७ पछिका कुन चाहिँ शासकले त्यसरी तिरे त ? उनैका छोरा जगतजंग वैभवमा मात्र भुल्दा काका वीरशमशेरको कोपमा परे । त्यसैगरी चन्द्रशमशेरका छोराहरु पनि राष्ट्र निर्माणमा नलाग्दा राणाशाहीको पतन भएको मान्न गाह्रो छैन । अहिले त यातायात र श्रव्यदृश्य साधन, पत्रपत्रिकाहरुको सुविधा भएको बखत यो २०७६ सम्ममै पनि चुनिएका जनप्रतिनिधिहरु नै राष्ट्रको धनमा मोजमस्ती गर्न चुनावपछि लाग्दै गएको देख्दा कतै यिनै चुनिएकाले नै संघीयता धरापमा पार्दैनन् र ? त्यही कुरा समयमै सचेत गराई रोक्न नसक्ने नेपाल सरकारकै गति के होला भनी टीठ लागेर आउँछ र यो परिशीलन सुरु गरिएको हो । यस्तो अवस्थामा हामी नेपाली पछि पर्छौं कि अघि लाग्छौं ?

नजिकै भूतकालकै माओवादी द्वन्द्व कुन कुन दिशाबाट छिरेर आयो र कति क्षति गऱ्यो भनी राम्रो मूल्यांकन गरी समुचित निकास दिइएन भने पनि हामी पछि पर्नैपर्छ । त्यही कुरामा हामी अलमस्तमै छौं । पूर्वाधार मेची महाकाली महेन्द्र राजमार्गले अरु सिमेन्टमय बन्नु हुँदै हुन्न । हुलाकी र मध्यपहाडीमै काठमाडौं जस्तै सिमन्टीका जंगल हुन बेर छैन । सत्ता त आफ्नै दुनो सोझ्याउनमै मस्त देखिँदैछ । दोस्रो विश्वयुद्धपछि सचेत देशहरु विकसित भएकै छन् र अविकसित देशहरु फसेकै छन् । हामी भने चीनलाई जसरी दक्षिण भारतलाई उसका जनताले गरेको कामको रेमिट्यान्स दिन सक्दैनौं । आफ्नै सीमा आफू हेर्न सक्दैनौं । त्यहीँ उत्तर दक्षिण दुई सीमा नीति राखेर बसेकै छौं । यस्ता कुरामा तँ सत्ता पक्षी र म विपक्षी भन्नु नै हुने थिएन । भ्रष्टहरुप्रति दयाशील दल स्वदेशप्रति पनि इमानदार हुँदैनन् ।

अविकासका धाँजा र चिरा आफ्नै देशका तलब खाने कर्मचारीहरुमै देखिएका छन् । स्वविरोधी काम आफैं यिनीहरु गर्दैछन् । 'नेताहरुकै चरित्रले पनि यस्तो देखाउँछ र दलदलका भागबन्डामा भएका नियुक्तिले यही प्रस्ट गर्दछन् । प्रत्येक काममा क्षमताको गरिमा चाहिन्थ्यो हैन र ? उहिले यातायात र सञ्चार आदि थोरै भएकै बेलामा राणा, पञ्च र शाही सत्ताले के के दुःख व्यहोरे ? आफैं अहिले बोल्दैछन्, अरुले बोल्नै पर्दैन । अब त यस्तो क्रम सञ्चार सुविधाहरुले चाँडै ल्याउने नै छ ।

**१. शिक्षामा सैद्धान्तिक र कार्यमूलक दुवै अनिवार्यता**

योगी नरहरिनाथले शिक्षा सुधारे सब सुध्रिन्छ भन्नुहुन्थ्यो, शिक्षामा हिमवतखण्ड नेपाल बोल्नुपर्छ, कैलाश मानसरोवरकै उत्तरबाट सिन्धु नदी पूर्व र पश्चिम भएर बग्ने क्रमशः ब्रह्मपुत्र र टिस्टा संगम तथा सतलज नेपालकै सीमा हुन् । आर्य धर्महरुका सबै शाखाहरुको तीर्थस्थल वैदिक ऋचाहरुको प्राचीन उद्गम पनि हिमवत्खण्ड नै हो । यसैकारण सर्वप्रथम हाम्रो जेठो त्रिभुवन विश्वविद्यालय र नेपाल संस्कृत विश्वविद्यालयले एक अर्काका परिपूरक हुनैपर्छ । विद्वेषी हुन पाईंदैन । त्यहाँका प्राध्यापकले अध्ययन, अध्यापन नगरी एक रुपैयाँ पनि तलब खाएको देखिनै हुँदैन । अहिले यस्तै भएर हामी नेपाली दुःखी हुनुपरेको हो । त्यहाँ भ्रष्टीकरण दुवैमा रोकिनैपर्छ । दुवैको परिपूरक माध्यमिक शिक्षासम्मै आदरणीय देखिनैपर्छ । यिनै शिक्षाका दुई दूधका धाराले नेपाल समान सैद्धान्तिक र व्यावहारिक बाटो पहिल्याउन सक्छ ।

**२. गृह, परराष्ट्र र न्याय समान आपसमा परिपूरक**

गृह मन्त्रालयलाई थोरै पढे हुने र परराष्ट्रलाई धेरै पढ्नुपर्छ भन्ने प्राविधिक कुरो मात्र हो । वास्तवमा एउटै सिक्काका दुई पाटा मात्र हुन् यी । मुख्य प्रशासकले आफ्ना प्रत्येक दिन मूल्यांकन र निर्देशन गर्न नसक्दा नै श्री ५ वीरेन्द्रको २०५८ जेठ १९ गते दुर्घटना भयो । पूर्वराजाले नै पनि थकाइ मार्नै पऱ्यो । पछिल्लो पटक श्री ५ महेन्द्रले यस्तै पीडामा भएको वेदना दियालो बंगलामा प्रकट गरेकै छन् । यो उनीहरुले आफ्नै न्याय क्षेत्र सफा र कञ्चन गर्न नसक्दाको परिणाम हो । न्याय द्वन्द्वात्मक र सुधारात्मक रुपले आफ्नै दुई हातले प्रयोग नगर्दा नै भएका यी घटना हुन् । आजै देशको अवस्था पनि यस्तै प्रगति र दुर्गति हेर्दै जानुपर्छ कि भनी राम्ररी हेरिनुपर्छ । राम्ररी हेरिएन भने न्यायले सिरानमै बसेर पनि यो देशले दुःख पाउने नै छ । राम्ररी हेरियो भने तिनीहरुले नै यो देशको मुहार फेर्न बेर लाउँदैनन् । यो ध्रुवसत्य छ ।

**३. एउटा सुखद समाचार**

अहिले सरकारी जग्गा भूमाफियाले व्यक्तिगत गराएको खोजी हुँदैछ । त्यसले विकारात्मक होइन, सकारात्मक निरन्तरता पाउनैपर्छ । सबभन्दा ठूलो कुरो भर्खरै प्रधानन्यायाधीश समेतको सरकारी इजलासले नेपाल सरकारले अनधिकृत रुपमा दिएको नागरिकता बदर गर्न आदेश दिएको छ । यी दुवै न्यायका दण्डात्मक दाहिना र सुधारात्मक बायाँ हात मानिँदै जानुपर्छ ।

## स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू

- मनसुन

# जोसेफ स्टालिन–३७

चौथो– सातौं दशकको सुरूतिर (सन् १९६२) महान् वातावरणीय प्रणेता राचेल कार्सनले आफ्नो ऐतिहासिक कृति ' शान्त वसन्त' (साइलेन्ट स्प्रिङ) विश्वसामु ल्याइसकेकी थिइन् ।उक्त पुस्तकले विश्वको मूल अन्तरविरोध फेरिएको आभास दियो । अर्थात् विश्वको मूल अन्तरविरोध समाजवाद र साम्राज्यवादबीच नभई मानवजाति र पर्यावरणको प्रदूषणबीच रहेको थियो । किनकि पर्यावरणको प्रदूषणले यो सुन्दरत संसार स्वभस्मीभूत हुनसक्छ ।

तर यी कुनै पनि कुराहरूप्रति माओको ध्यान गएन । उनी लेनिनकै भनाइ अङ्गिकार गरीत्यसैलाई सत्य साबित गराउन लागिपरे । तेस्रो विश्वका जनताको मुक्ति र स्वाधीनताका लागिमाओको नेतृत्वमा चिनियाँकम्युनिस्ट पार्टीले नैतिक समर्थन मात्र गऱ्यो,स्टालिनको जस्तो ठोस वा भौतिक सहयोग र समर्थन होइन । सैद्धान्तिक सवालमा चिनियाँकम्युनिस्ट पार्टी र त्यसको शिर्षस्थ नेतृत्वले विद्यमान चीनको राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिको सही मूल्याङ्कन गर्न सकेन ।त्यही कारणले राष्ट्रिय र अन्तर ाष्ट्रिय राजनीतिक रङ्गमञ्चमा चीनको कम्युनिस्ट पार्टीले सही मार्गदर्शन गर्न सकेन ।परिणामस्वरूप माओको निधनसँगै विशाल चिनियाँ समाजवाद अर्कै मार्ग लिएर अगाडि बढ्यो ।रूस पतन भएतापनि विश्वका मुक्तिकामी जनतार कम्युनिस्टहरूलाई नैतिक प्रेरणा मिल्ने माओको चीन गम्भीर दुःख र निराशा मिल्ने तेङ चीनमा फेरियो ।चीन विश्वका कुनैपनि न्यायपूर्ण मुक्तिसङ्घर्ष र आन्दोलनहरूमा नैतिक समर्थन गर्न पनि पछि हट्न थाल्यो ।

लेनिनको विश्वक्रान्तिको रणनीतिअनुसार माओको क्रान्तिकोलाइन तेस्रो विश्वका मुलुकहरूले पहिलो र दोस्रो विश्वका मुलुकहरूलाई घेर्ने थियो । यो लाइनअनरूपको क्रान्ति माओको जीवनकालमा एकमात्र राष्ट्र कम्पुचियामा सम्पन्न भयो तर केही वर्षपछि नै भियतनामी विस्तारवादले त्यहाँ सशस्त्र आक्रमण गरी जनवादी कम्पुचिया सरकार ध्वस्त गऱ्यो । माओको लाइनअनुरूपसशस्त्र युद्ध लडिरहेका कम्युनिस्टपार्टीहरू आज विश्वका ६ वटै महादेशमा छन् । तर मुक्ति युद्ध लडिरहेका तीकम्युनिस्टहरूलाई प्रतिक्रियावादीहरू दमन गर्न सफल भइर हेछन् । चीनले भने वास्तै गरेको छैन ।

आधार क्षेत्रसमेत भएको बर्मा, थाइल्यान्ड, फिलिपिन्स, पेरूकाकम्युनिस्ट पार्टी पनि अत्यन्तै कठिन अवस्थामा गुज्रिरहेछन् । हो, आजको विश्वमा साम्राज्यवादीहरूको राजनीति सफलतापूर्वक अगाडि बढिरहेछ । यसको अर्थ उनीहरूले जनतालाई सुख र शान्ति, अमनचैन दिइरहेछ भन्नेहोइन ।बरू अशान्ति, हिंसा, शोषण, दमन, लुट र अपराधहरू नै बढिरहेछन् । वास्तवमा सबै अपराधहरूको पर्यावाचीरूप नै साम्राज्यवाद हो भन्ने कुरा इतिहासले सिद्ध गरेको छ ।भनाइको मूल तात्पर्य के हो भने विश्व कम्युनिस्ट आन्दोलनका महान् नेता माओले आफ्नो जीवनकालमा राष्ट्रिय र अन्तर ाष्ट्रिय मूल अन्तरविरोधका सवालहरूमा सहीविश्लेषण गर्न नसक्नाले समाजवादी सत्ताहरूको कायापलट भयो ।

*(क्रमशः)*

# मैले देखेको चौरानब्बेऔं विश्व सम्पदा:

# हामवाखको दरबार

सुरेन्द्र ढकाल



भग्नावशेषसहित पुनर्निर्माणपछिको दरबारको अवस्था



दरबारभित्रको पुरातात्विक स्थल



दरबारबाट तल हेर्दा देहिने राइन नदीको समतल भूभाग




दरबारको त्यतिबेलाको पोस्टकार्ड


(इम्पेरियल क्यासल) र न्युनवेर्गको मध्यकालीन शहरको अवलोकन गरेपछि हामी उही दिन बेलुकी ५ बजेतिरै स्पायर फर्कियौं र आफ्नो अध्ययनलाई निरन्तरता दिन थाल्यौं । हाम्रो विश्वविद्यालय भएको शहर स्पायर त्यस क्षेत्रकै ज्यादै पुरानो शहर मानिन्छ । राइनलाण्डको समथर भूमि जसलाई जर्मन भाषामा फाल्ज्ज भनिन्छ त्यहाँ नजिकैको अर्को शहर नयस्टाड्टसँगै हामवाख भन्ने डाँडामा जर्मनीकै एक मध्यकालीन किल्लासहितको दरबार रहेछ । त्यो कुरा हामीलाई थाहा थिएन । हाम्रो जर्मन गेष्ट फेमेली भाल्टर र एडिट स्वार्च्जले हामीलाई त्यो दरबार अवलोकन गर्न जान चाहन्छौं भनेर सोधेको केही दिन भएको थियो । म र मेरो मित्र हिरामणी घिमिरेले त्यहाँ जाने इच्छा ब्यक्त गरेका थियौं । सोहीअनुरुप सन १९९० को जनवरी महिनाको पहिलो शनिबार बिहानै हामी त्यतातिर जाने निर्णय भयो । त्यसै बीच हाम्रो अर्को गेस्ट फेमेली मोनिका होफमान र हेरमान फुक्सले पनि सँगै जाने इच्छा ब्यक्त गरे बमोजिम हामी ६ जना त्यतातिर लाग्यौं । करिब एक घण्टा जतिमा हामी त्यहाँ पुग्यौं । तल फेदीमा कार पार्क गरी पहिलो दुई घण्टा त्यहाँको जंगल घुम्ने र दिउँसोको खाना खाने समयमा किल्लासहितको दरबार अवलोकन गर्ने निर्णय भएबमोजिम हामी दरबारको वरिपरिको जंगल घुम्नतर्फ लाग्यौं । जंगल घुमिसकेपछि हामी किल्लासहितको हामवाख दरबारमा आइपुग्दा बिहानको ११:३० बजेको थियो ।

हामवाख दरबार र किल्ला

जर्मन भाषामा हामवाखर स्लोस्सको नामबाट प्रख्यात यो किल्लासहितको दरबारलाई जर्मन प्रजातान्त्रिक आन्दोलनको एक उदाहरणको रुपमा मानिदो रहेछ । सन १८३२ देखि नै यहाँ हामवाखर चाड मनाइन शुरु गरिएको रहेछ । राइन नदीको समतल भूमिबाट करिब ३२५ मिटरको



दरबारको पार्किङ स्थलमा गेस्ट फेमिलीको साथ सुरेन्द्र सन् १९९० जनवरीमा




दरबारको भित्री भागको विशाल कक्ष


उचाइमा अवस्थित यो दरबार राइन समतल भूमिमा रहेको धना जंगलको बीचमा बनाइएको रहेछ । यहाँ भएको पुरातात्विक अन्वेषणलाई आधार मान्दा सन १८३२ अगाडि नै रोमन साम्राज्यको अन्त्यतिर क्यारोलिन्ज्यान र अट्टोनियन कालमा नै किल्लाको रुपमा यस क्षेत्रको प्रयोग भएको बताइँदो रहेछ । ११औं शताब्दिको पहिलो ५० वर्षभित्रै यहाँ केस्टनवुर्ग नामको दरबार रहेको र त्यो नाम रहनुको पछाडि त्यस क्षेत्रको जंगल चेष्टनट नामक कटुसको रुखहरुले भरि पूर्ण भएको कारण रोमन सम्राटहरु विशेष गरी हेनरी चौथौंको पालादेखि नै त्यहाँ आई जंगल घुम्ने अनि दरबारमा केही दिन बिताउने गर्दा रहेछन् । प्रमाणिक दस्तावेजको आधारमा भन्ने हो भने सन १०९० र ११०४को बीचको अवधिमा स्पायरका राजा जोहान प्रथमले त्यस दरबार र किल्लालाई आफ्नो स्वामित्व लिने गरी स्पायरको विशपसँग सन्धिमा हस्ताक्षर गरेका रहेछन जुन सन्धि सन १८३२ सम्म क्रियाशिल रहेछ । त्यस अवधिमा अति नै सुविधा सम्पन्न त्यस दरबारलाई स्थायी रुपमा आफ्नो निवास बनाउनेहरुमा केष्टनवुर्गका बुर्कहार्ड उनका भाइ केष्टनवुर्गका ट्रुस्हार्ड आदि पर्दा रहेछन जसले रोमन सम्राट



दरबारको पुरानो रूप यस्तो देखिन्छ




दरबारमा पर्यटकहरूको घुइंचो



राइन क्षेत्रको जंगलको बीचमा दरबार यस्तो देखिन्छ

हेनरी चौथौंको कालमा दरबारमा उच्च पद ओगटन सफल भएका रहेछन् । १३औ शताब्दिमा आएर यहाँ निर्माण कार्यले तिव्रता पाएको रहेछ । त्यस अवधिमा त्यहाँ गजुरको निर्माण भएको र १२ जुलाई १३८८ का दिन राजा निकोलाउस प्रथमले वास्तु पूजा गरेका रहेछन् । १४औ शताब्दिको अन्ततिर एपिसको लानियनहरुले यस दरबारलाई आफ्नो अभिलेखालय बनाएका रहेछन् । पछि नजिकैको हानहोफन भन्ने ठाउँमा सन १४१४ मा नयाँ संरचनाहरु बनेपछि यो दरबारको महत्व घटेको रहेछ । तत्पश्चात सन १४६६ मा यो दरबारको जिम्मा स्पायरको विशपलाई दिइएको रहेछ । यसैको कारणले गर्दा पनि यस दरबारको संरक्षण गतिलोसँग हुन पुगेको भन्दा रहेछन् । सन १५२५ मा भएको जर्मन मजदुर युद्धताका यो दरबार लुटिएको भए तापनि ध्वस्त हुनबाट जोगिएको रहेछ र १५५२ मा व्राण्डेनवुर्गका आल्बेर्टले १ लाख ५० हजार गुल्डेन चन्दा माग्दा नदिएको झोकमा यो दरबारलाई नियन्त्रणमा लिई आगजनी गराएको रहेछ । पछि १५६० तिर जंगल रक्षक (फरेष्टर) को निवासका लागि भनेर यसलाई काम चल्ने पाराले जिर्णोद्धार गरिएको रहेछ । तर पनि दरबारका किल्लाहरु पछिसम्म ज्यूँका त्युँ रहे तापनि सन १६१८ मा शुरु भएको ३० वर्षे धार्मिक युद्धताका फ्रेन्च सैनिकहरुले आई यस दरबारलाई पुरै ध्वस्त गरेका रहेछन् जुन पछि १७०१ गएर पुनरनिर्माण गरिएको रहेछ । सन १७९७ मा फ्रेन्च सरकारको सम्पतीमा दर्ज भएको यो दरबार पछि वायर्न (वभेरिया) अधिराज्यको स्वामित्वमा गएको रहेछ । यही अधिराज्यले सन १८४४ मा नवगोथिक शैलीमा यो दरबारको पुरै पुनरनिर्माण गरेको रहेछ । सन १९८२ मा यस दरबारको पुनरनिर्माणको १५० औं वार्षिकोत्सवको अवसर पारी १ करोड २० लाख जर्मन मार्क खर्च गरी यस दरबारलाई झनै सुन्दर बनाउने कार्य गरिएको रहेछ ।

# १३. सिंहदरबार फुटबल काण्ड र त्यसले नेपालको राजनीतिमा पारेको दूरगामी असर




■ शम्भुराम श्रेष्ठ

मोहनशमशेरको प्रधानमन्त्रित्वमा राणा-कांग्रेस अन्तरिम मन्त्रिपरिषद् गठन भएको लगत्तै २००७ सालको सशस्त्र 'क्रान्ति' को मुख्य सशस्त्र बलको रुपमा कार्यरत मुक्ति सेनालाई नेपालको राष्ट्रिय सेनामा त्यसकै एउटा छुट्टै अंगको रुपमा राख्नुपर्नेमा त्यसो नगरी त्यसलाई 'रक्षा दल' नामाकरण गरी सिभिल पुलिस फोर्समा (सशस्त्र प्रहरी दल) परिणत गरियो ।

सामरिक दृष्टिकोणले त्यसो गर्नु नेपाली कांग्रेसको तत्कालीन नेतृत्वको अर्थात् कांग्रेस पार्टीको सभापति भएको नाताले औपचारिक रुपले मातृकाप्रसाद कोइरालाको तर वास्तविक रुपले बीपी कोइरालाको ठूलो गल्ती थियो, किनकि कांग्रेसको खास नेता बीपी नै थिए । नेपाली कांग्रेसको त्यो नेतृत्वले मुक्ति सेनालाई प्रजातान्त्रिकरण गरी त्यसका जवानहरुलाई जनतालाई मित्र ठानी उनीहरुलाई मद्दत गर्न सिकाउनु त परै रहोस एउटै तिनीहरुलाई जनताको विपक्षमा उभिन सिकायो । त्यतिमात्र होइन, त्यो नेतृत्वले मुक्ति सेनाका जवानहरुलाई ठीक ठीक समयमा रसदपानी पुऱ्याउने, तलब खुवाउने र तिनीहरुको हेरचाह गर्ने जस्ता महत्वपूर्ण कामहरुमा हेलचेक्र्याइँ गऱ्यो ।

नेपाली कांग्रेसको नेतृत्वको माथि उल्लेखित गैरजिम्मेवार नीति र काम गराइको परिणामको पहिले उदाहरण थियो, सिंहदरबार फुटबल काण्ड, अर्थात् सिंहदरबार कम्पाउन्डभित्रको फुटबल म्याच जसमा रक्षा दल टिमले नराम्ररी पराजय भोग्नु पऱ्यो । म्याचमा त्यसरी हेरेपछि रक्षा दलका जवानहरुले सिंहदरबारको मूल गेट नै बन्द गरी विजयी टिमका खेलाडीहरु र दर्शकहरुमाथि अत्यन्तै कूरतापूर्वक लाठी चार्ज गरी सयौंलाई घाइते तुल्याए । निर्दोष खेलाडी र दर्शकहरुलाई त्यसरी पिटेको कुराको विरोध गर्दै वक्तव्य दिए बापत गृहमन्त्री बीपी कोइरालाले नेपाल प्रजापरिषद्का सेन्ट्रल जेलको राष्ट्रिय जनतान्त्रिक संयुक्त मोर्चाका अध्यक्ष टंकप्रसाद आचार्यलाई सेन्ट्रल जेलको गोलघरमा र डा.डिल्लीरमण रेग्मी, अग्निप्रसाद खरेल, रामहरि शर्मा, ऋषिकेश शाह, जुजुभाइ जोशी र बालमुकुन्द लगायत पचास जनाभन्दा बढी राजनीतिक कार्यकर्ताहरुलाई पाटन, जाउलाखेलस्थित चिडियाखाना सँगैको जोडिएको एउटा भुइतले बंगलामा सुरक्षा ऐनअन्तर्गत थुने । गृहमन्त्रीको हैसियतले बीपी कोइरालाले गरेको उक्त गैरजिम्मेवार र जनविरोधी कार्यको विरोधमा राष्ट्रिय जनतान्त्रिक संयुक्त मोर्चाले सशक्त जनआन्दोलन सुरु गर्ने निर्णय गऱ्यो ।

प्रत्येक दिन संयुक्त मोर्चाका सदस्य संगठनहरुमध्ये एउटाको तत्वावधानमा जनआन्दोलन सञ्चालन गर्ने निर्णय भएअनुसार एक दिन अखिल नेपाल राष्ट्रिय विद्यार्थी फेडरेसनद्वारा भूगोलपार्कमा विरोध जनसभा भइरहेको थियो । विद्यार्थी नेताहरुलाई पक्राउ गर्नका लागि रक्षा दलका राइफल बोकेका एक हूल जवानहरु आए । तिनीहरुले विद्यार्थी नेताहरुलाई पक्राउ गर्नु त के, उल्टै आफूहरुले बोकेको राइफलहरु खोसिएर लाचार सालिकझैं उभिन गए । त्यस बेला खड्गमान सिंह बस्नेत र म त्यहीं सडक छेउकै पेटीमा उभिइरहेका थियौं । विद्यार्थीहरुले रक्षा दलका जवानहरुका राइफल खोसे भन्ने खबर सुन्नेबित्तिकै म मञ्चमा गएँ । विद्यार्थी कामरेडहरुलाई सम्झाएर रक्षा दलका जवानहरुका राइफल फर्काउन लगाएँ । रक्षा दलका ती जवानहरु फर्केको २० मिनेट जतिपछि रक्षा दलको अर्को ठूलो फोर्स आएर विद्यार्थी फेडरेसनको अध्यक्ष प्रचण्डराज सुवाललाई पक्राउ गरेर लगे । तिनीहरुको पछिपछि नारा लगाउँदै विद्यार्थीहरु जुलसको रुपमा हनुमानढोका पुलिस थानातर्फ बढेर गए । थाना अगाडि विद्यार्थीहरुले 'पुलिस राज मूर्दावाद' राणा कांग्रेस सरकार मूर्दावाद', विद्यार्थी फेडरेसन जिन्दावाद र इन्क्लब जिन्दावाद, हाम्रा साथीहरुलाई छोडिदे ।' आदि नाराहरु लगाइरहेका थिए । विस्तारै विस्तारै साँझ पर्न थाल्यो । साँझ छिप्पिँदै गई अँध्यारो के हुन लागेको थियो एकाएक थानाको झ्यालबाट विद्यार्थीहरुमाथि पुलिसले गोली बर्साउन थाले । विद्यार्थी फेडरेसनका सक्रिय सदस्य चिनियाँकाजीलाई ठाउँमै गोली लाग्यो । उनी ढली हाले । सैजु समेत अरु दुई जनालाई खुट्टामा गोली लाग्यो । गोली लागेका चारैजनालाई विद्यार्थीहरु र संयुक्त मोर्चाका कार्यकर्ताहरुले बोकेर वीर अस्पताल पुऱ्याए । अस्पताल पुऱ्याइएको केही क्षणपछि चिनियाँकाजीले दम तोडी सहादत प्राप्त गरे ।

भोलिपल्ट गृहमन्त्री बीपी कोइरालाले प्रधानमन्त्री मोहनशमशेरमाथि अघिल्लो दिन साँझ हनुमानढोका थानाअगाडि नारा लगाइरहेको विद्यार्थीमाथि गोली वर्षा गर्न लगाएको दोष लगाउँदै वक्तव्य दिए । त्यस आरोपको जवाफ दिँदै प्रधानमन्त्री मोहनशमशेरले 'म पुलिस मन्त्री होइन, पुलिस मन्त्री त बीपी कोइराला हो । विद्यार्थीहरुमाथि गोली वर्षाउन आदेश दिने व्यक्ति बीपी कोइराला नै हो, म होइन ।' भनी वक्तव्य दिए र साथै उनले घाइते विद्यार्थीहरुको उपचारको निम्ति आवश्यक खर्च आफूले दिने वचन पनि उपरोक्त वक्तव्यमार्फत दिए ।

यसरी गृहमन्त्री बीपी कोइराला र प्रधानमन्त्री मोहनशमशेरको बीचमा एकले अर्कोमाथि उक्त गोली काण्डको दोषारोपण गर्ने काम जो भयो, त्यसको परिणामस्वरुप अन्तरिम मन्त्री परिषद्मा राणा पक्ष र कांग्रेस पक्ष आपसमा मिलेर काम गर्न नसक्ने अवस्था उत्पन्न हुन गयो । त्यसकारणले मोहनशमशेरले गुप्त रुपले जाउलाखेलस्थित चिडियाखानासँग जोडिएको बंगलामा थुनिएका टंकप्रसाद आचार्य (उहाँलाई गोलघरबाट एक दुई दिनअघि त्यहाँ सारिएको थियो), डा.डिल्लीरमण रेग्मी, अग्निप्रसाद खरेल, समक्ष राणा कांग्रेस मन्त्रीपरिषद्को बदला, राणा पक्ष र प्रजापरिषद्, राष्ट्रिय कांग्रेस, अग्निप्रसाद खरेलको पार्टी (त्यसको नाम याद भएन) को संयुक्त अन्तरिम मन्त्री परिषद् गठन गर्ने प्रस्ताव राखेका थिए र टंकप्रसादहरुले पनि मोहनशमशेरको उक्त प्रस्तावमा आफूहरु सहमत भएको व्यहोरा उल्लेख गरी जवाबी पत्र समेत तयार पारिसकेका रहेछन्, जसबारे मलाई विल्कुलै थाहा थिएन अथवा भनौं विल्कुलै थाहा दिइएको थिएन । यो कुरा चूडाप्रसाद शर्मालाई थाहा रहेछ । उनले पनि मलाई केही भनेनन् । यसैबीच अकस्मात एक दिन चूडाप्रसाद शर्माले मलाई टंकप्रसादसँग भेट्न जाउलाखेल जाऔं भनी मलाई कर गर्नुभयो । उहाँको आग्रहलाई टार्न नसकेर उहाँ र म जाउलाखेल गयौं । हामीहरु त्यहाँ पुग्दा टंकप्रसाद आचार्य, डा.डिल्लीरमण रेग्मी, अग्निप्रसाद खरेल, रामहरि शर्मा, जुजुभाइ जोशी, बालमुकुन्द लगायत दश बाह्र जना चौरमा बसेर कुरा गरिरहेका थिए । हामीहरुलाई देख्नेबित्तिकै टंकप्रसादले मलाई सम्बोधन गर्दै (चूडाप्रसादलाई होइन) ' शम्भुराम, आउनोस्, आउनोस, बस्नोस्, हामी तपाईंलाई नै पर्खिरहेको' भन्नुहुँदै मोहनशमशेरले हालको राणा कांग्रेस अन्तरिम सरकारलाई विघटन गरी त्यसको सट्टा आफ्नै प्रधानमन्त्रित्वमा राणा पक्ष र प्रजापरिषद् राष्ट्रिय कांग्रेस र अग्निप्रसाद खरेलको पार्टीसहित जनपक्ष सामेल भएको संयुक्त अन्तरिम मन्त्रिपरिषद गठन गर्नेबारे प्रस्ताव राखेको र उनको त्यो प्रस्ताव उचित र समय सुहाउँदो लागेकाले मोहनशमशेरलाई उनको प्रस्तावको जवाफमा आफ्नो सहमतिपत्र पठाउन लागेको कुरा बताउनुभयो ।

(क्रमशः)

कविता

## नयाँ वर्ष



● प्रेम ओली
(ढकलपुरे)

परार घर घरमा ग्यास ल्याइदिन्छु भन्यौ
पोहर जेष्ठ नागरिकलाई
पाँच हजार मासिक क्यास ल्याइदिन्छु भन्यौ
तर पछि दुई हजार दिनलाई पनि ठस्ठसी कन्यौ
खाली हामीलाई ढाँट्याछ्यौ ढाँट्याछ्यौ
हैन हो नयाँ वर्ष
यो वर्ष फेरि के गर्न आँट्याछ्यौ ?

कहिले पानीजहाज ल्याइदिन्छु भन्यौ
कहिले रेल ल्याइदिन्छु भन्यौ
कहिले बिरोजगारीलाई सेल ल्याइदिन्छु भन्यौ
कहिले बंगलादेशबाट तेल ल्याइदिन्छु भन्यौ
जनतालाई खाली सपना बाँट्याछ्यौ बाँट्याछ्यौ
हैन हो नयाँ वर्ष
यो पालि फेरि के भन्न आँट्या छ्यौ ?

कहिले अपराधी बलात्कारीलाई ठीक पारिदिन्छु भन्यौ
कहिले भ्रष्टचारलाई शून्यमा झारिदिन्छु भन्यौ
कहिले धनीको पैसो गरिबलाई बाँडिदिन्छु भन्यौ
कहिले जमिनदारको जग्गा
गरिब किसानको नाममा सारिदिन्छु भन्यौ
खालि कुरा मात्र छाँट्या छ्यौ छाँट्या छ्यौ
हैन हो नयाँ वर्ष
यो साल फेरि के गर्न आँट्या छ्यौ ?

## यस्ता व्यक्तिले खानु हुँदैन करेला ?



करेला स्वास्थ्यका लागि आवश्यक चिज हो । तर, कतिपय बिरामीका लागि भने तितेकरेला विष साबित हुन सक्छ । त्यसैले यस्ता समस्या भएका व्यक्तिले तितेकरेलाको सेवन गर्नु हुदैन ।

**गर्भवती भएमा**

करेलामा भएको मोमोकेरिनले गर्भवती महिलाको स्वास्थ्यमा असर पुर्याउँछ । बढी करेलाको सेवनले गर्भ तुहिनेसमेत डर हुन्छ । त्यसैले त्यस्तो आवस्थामा करेला खाँदा ध्यान पुर्याउन जरुरी हुन्छ ।

**फर्टिलिटी समस्या भएमा**

यदि फर्टिलिटीसम्बन्धी ओषधि लिइरहनुभएको छ भने करेला प्रयोग गर्दा ध्यान पुर्याउन आवश्यक छ । करेलाको प्रयोगले फर्टिलिटीसम्बन्धी औषधिको प्रभावलाई कम गर्छ र रोगको मात्रा बढ्दै जान्छ । त्यसैले यस्तो समस्या भएको पुरुष र महिलाले करेला प्रयोग गर्नु हितकर हुँदैन ।

**पायल्स भएमा**

पायल्सको समस्या छ भने पनि तितेकरेलाबाट टाढै रहनुहोस् । किनकि, तितेकरेलाको प्रयोगले पायल्सको समस्यालाई थप बल्झाउन मद्दत गर्छ ।

**शल्यक्रियापछि**

शल्यक्रिया गरेपछि पनि तितेकरेलाको प्रयोग गर्नु हुँदैन । यस्तो अवस्थामा करेला प्रयोगले रगतमा सुगरको मात्रालाई प्रभावित पार्छ । शल्यक्रिया भएको दूई हप्तापछि मात्र करेला प्रयोग गर्नु राम्रो हुन्छ ।

**कलेजोको समस्या भएमा**

तितेकरेलाको अत्याधिक प्रयोगले कलेजोमा एन्जाइम्स बढ्न सक्छ, जसले इन्फेक्सनको सम्भावना बढाउँछ । त्यसैले कलेजोको रोगबाट ग्रसित मानिसले करेलाको प्रयोग गर्नु हुँदैन ।

**महिनावारी समस्या भएमा**

बढी करेला खानाले महिनावारीको समस्यामा अत्याधिक रक्तश्राव हुन सक्छ । त्यसैले महिनावारीको समस्या हुनेहरुले करेलाबाट टाढा रहन जरुरी छ ।


**सुगर कम भएमा**


करेलाको प्रयोगले मानिसमा सुगरको मात्रा सामान्यभन्दा पनि तल झर्न सक्छ । सुगरको मात्रा कम हुनेहरुले भने कहिल्यै पनि करेला खानु हुँदैन ।

# सोल : सर्पको मासु जहाँ लोकप्रिय छ-५

नियात्रा संस्मरण

घनश्याम राजकर्णिकार





**सोल सिटी टुर**

मैले सोलको चार दिनसम्म राम्ररी फन्का मारेँ । त्यो चार दिनको मेरो सोलबसाइ साँच्चै अविस्मरणीय छ भन्नुपर्छ । सोल पुगेको पाँचौं दिन फर्कने दिन थियो । आफू बसेको होटेलको नजिकै एउटा सानो रेस्टुराँमा बिहान चिया पिईवरी फेरि आफ्नो होटेलमा फर्केर चार दिन बसाइको बहाल तिरी त्यस होटेलमै रहेको दृश्यावलोकन मिलाउने एजेन्टसँग सोलमा दुई-चार घण्टाभित्र हेर्न सकिने अरू केके कुराहरू छन् त्यसको सोधपुछ गरेँ । त्यसका लागि 'तीनघण्टे सोल सिटी टुर' उपलब्ध रहेछ, जुन एकपल्ट बिहान नौ बजे र अर्को दिउँसो दुई बजे सञ्चालन हुँदो रहेछ ।

त्यस बेला करिब आठ मात्र बजेको हुँदा म लगत्तै बिहानी टुरमा संलग्न हुन पुगेँ किनभने त्यस दिन दिउँसो तीन बजेको हवाइजहाजद्वारा मेरो फर्कने पूर्वनिश्चित कार्यक्रम थियो । त्यस सिटी टुरले मसमेत अरू विभिन्न देशका पर्यटकहरूलाई सहरको बीचैबीचबाट लगी सर्वप्रथम त्यहाँ अवस्थित क्याङबक प्रासाद तथा चाङ्डक प्रासादवरिपरिको पटाङ्गिनी हुँदै त्यहाँ स्थित 'सेक्रेट गार्डेन' मा पुऱ्यायो । टाढाबाट हेर्दा चारपाटे बङ्गला भवनमाथि पाँचतले मन्दिर थपक्क राखेको जस्तो देखिने त्यो क्योङबक प्रासादस्थित राष्ट्रिय सङ्ग्रहालयको आफ्नै हिसी र सौन्दर्य रहेछ । त्यहाँ रहेको राष्ट्रिय सङ्ग्रहालयमा जतनसाथ राखिएका अमूल्य ऐतिहासिक हस्तकला, शिल्पकला, वास्तुकलाका वस्तुहरू सरसरती हेर्दा मलाई भक्तपुरका ऐतिहासिक सङ्ग्रहालयको झलझली सम्झना भयो । चाङ्डक प्रासाद भने त्यहाँको अन्तिम राजपरिवारको वासस्थान रहेछ । त्यसैले यहाँका कोठाहरूको सजावट र राजपरिवारका विभिन्न स्मारकचिह्नहरू हुबहु पहिलेकै अवस्थामा राखिएको देख्दा हामीकहाँ पनि मल्लराजाहरूका अवशेषहरू यस्तै गरी राख्न सकिन्छ जस्तो लाग्यो । यतैतिर रहेका 'सेक्रेट गार्डेन' भन्ने साँच्चै नै गोप्य मनोहर बगैंचा रहेछ । यहाँ यत्रतत्र जोडिएका रमाइला पथहरू, छरिएका साना शोभायमान मन्दिरजस्ता ढोकाहरू, भवनहरू र कतैकतै कमलपोखरीहरू भएको यो सेक्रेट गार्डेनमा प्राकृतिक सौन्दर्यलाई तानेर ल्याइराखेको हुनाले नै यो उत्कृष्ट कलाकृतियुक्त ठाउँ बन्न पुगेको लाग्यो । त्यहाँबाट हामी बस चढी 'इस्ट गेट' पुग्यौं र त्यसलाई बसबाटै देखाइयो । अनि आरामसाथ आआफ्नो होटेलमा ठीक समयमै ल्याइपुऱ्याइयौं ।

**सोल साँच्चै बिर्सनै नसकिँदो छ**

छोटो समयमा आर्थिक उन्नतिको उच्च धुरीमा पुगेको यो राष्ट्रको राजधानीका ठूलाठूला अग्ला राम्रा भवनहरू तथा लामा-फराकिला चम्किला सडकहरू देख्दा छक्क पर्नु स्वाभाविकै हो । तर साधारण जनताको रुखो व्यवहार अनुभव गर्न पाइनुचाहिँ साँच्ची नै बिसङ्गतिको कुरा मान्नुपर्छ । विदेशी पर्यटकहरूले हामी नेपालीको मृदुता तथा हँसिलो कोमलता लिएर गरेको प्रशंसा निश्चय नै उपयुक्त ठान्नुपर्छ । सोल सहरमा एक्लै पदयात्रा गर्दा आफ्नो सोधपुछमा अधिकांश व्यक्तिले देखाएको रुखो व्यवहार साँच्चै मन पर्ने अनुभव हुन जान्छ । सायद औद्योगिक उन्नतिको अभिशाप यस देशले पनि पाएको छ होला, त्यसैले यो सहरका अधिकांश व्यक्तिहरूमा निस्तेज भाव देखा परेको छ । तैपनि एक्लै पदयात्रा फेरिफेरि गरिरहेको हुन्छु । मनमा नाना किसिमका भावनाहरू उर्लिरहेका हुन्छन् । यत्तिकैमा अनायास मार्टिन लुथर महोदयको अमूल्य भनाइ सम्झना हुन्छ-

*"कुनै पनि देशको समुन्नति त्यस देशको आयको प्रचुरतामा निर्भर गरेको हुँदैन, न त्यसको किल्लाको मजबुतीमा हुन्छ, न त्यसका सार्वजनिक भवनहरूको सौन्दर्यमा नै हुन्छ, हुन्छ त त्यसको सुसंस्कृत नागरिकहरूको सङ्ख्यामा, शिक्षा, सचेतता र सुचरित्र भएका मानिसहरूमा, यसैमा रहेको हुन्छ त्यसको सच्चा हितको कुरा, त्यसको मुख्य बल, त्यसको वास्तविक शक्ति ।"*

आफ्नो देश नेपालजस्तै सानो पहाडी मुलुक मात्र होइन किन्तु यसले राणाशासनबाट मुक्ति पाइकै हाराहारीमा मात्र स्वतन्त्रता प्राप्त गरेको दक्षिण कोरियाको चमत्कारपूर्ण उन्नतिबारे सुन्दा वा पढ्दा मेरो मनको कुनै तहको एक कुनामा एउटा धुकधुकी प्रस्फुरण भइरहने गर्थ्यो र लगत्तै स्वयम्लाई प्रश्न गरेको हुन्थेँ- के हामीले पनि त्यस्तै छिटोछरितोसँग उन्नतिको फड्का मार्न सकौंला ? नेपालजस्तै कृषिप्रधान विकासोन्मुख देश यति छोटो अवधिमा कसरी सम्पन्न औद्योगिक राष्ट्र बन्न पुग्यो त्यो हाम्रा लागि एउटा चर्चाको विषय मात्र नभएर अनुकरणीय पाठ पनि हुन पुगेको छ । यस्तो देशलाई विस्तृत रूपमा हेर्न नपाए पनि यसको राजधानी सोल सहरमा केही दिनका लागि भए पनि पर्यटकको रूपमा पुगेर जेजति देखें, सुनें तथा नयाँ अनुभूति गरें त्यो निश्चय नै आत्मविकासको गोरेटोमा समेत एउटा यस्तो फूल बनेर रहनेछ जसमा सुगन्ध, सौन्दर्य र माधुर्यको अपूर्व सङ्गम निरन्तर भइरहन्छ ।

(क्रमशः)

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

Remember us for the Construction of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

# आतंकवादको चपेटामा श्रीलंका



**विष्णु भट्टराई**

लामो गृहयुद्धपछि शान्त बनेको सार्क राष्ट्रमध्येको श्रीलंका अहिले मुस्लिम आतंकवादको चपेटामा परेको छ । श्रीलंकामा छुट्टै तमिल राज्यको माग गर्दै प्रभाकरणको नेतृत्वमा तमिल टाइगर्सले झन्डै अढाई दशकसम्म गृहयुद्ध गरेको थियो ।

जाफ्ना प्रायद्विपलाई आधारक्षेत्र बनाई तमिल टाइगर्सले चलाएको गृहयुद्धमा हजारौं श्रीलंकालीहरु मारिएका थिए । तर श्रीलंकाली सेनाले तमिल टाइगर्सका नायक प्रभाकरणलाई समाप्त गरेसँगै श्रीलंकाको गृहयुद्ध अन्त्य भयो । प्रभाकरणले श्रीलंकामा कुनै वाद वा विचारको युद्ध लडेका थिएनन् । उनले लडेको युद्ध थियो- जातीय युद्ध । जातीय मुक्ति वर्गीय मुक्तिसँग जोडिएको हुन्छ भन्ने कुरा प्रभाकरणले नसोच्दा उनीलगायत तमिल टाइगर्सका सयौं गुरिल्लाहरु राज्यद्वारा मारिए ।

प्रभाकरणको अन्त्यपछि श्रीलंकाको राजनीतिले स्थिरता पायो र श्रीलंका विकास र समृद्धिको पथमा अघि बढ्न थाल्यो । पूर्वराष्ट्रपति महिन्दा राजपाक्षेले तमिल टाइगर्सको आन्दोलनलाई तुहाएसँगै श्रीलंका विखण्डन हुनबाट जोगियो । तर अहिले फेरि श्रीलंका अशान्त बनेको छ । श्रीलंकामा व्यापक रुपमा बम विस्फोट गराइएको छ र सयौं मानिसहरु मारिएका छन् । यस घटनाले सम्पूर्ण श्रीलंकाबासीलाई त्राहीमाम बनाएको छ ।

चारैतिर समुद्रले घेरिएको श्रीलंका टापु राष्ट्रमा भएको हमलाको जिम्मेवारी इराक र सिरियामा कुनै समय ठूलो प्रभाव जमाएको इस्लामिक स्टेट्सले लिएको छ । तर, श्रीलंका सरकार यो हमलामा देशभित्रैको अतिवादी संगठन जिम्मेवार रहेको दाबी गर्दै आएको छ । यद्यपि, हमला कसले गराएको हो भन्ने प्रस्ट भइसकेको छैन ।

इस्लामिक स्टेट्सले आफ्नो अनलाइन पोर्टल 'अमाक'मार्फत यो हमलाको जिम्मेवारी लिएको छ । हमलाको तीन दिनपछि जिम्मेवारी लिएको यो हमलामा आफ्नो संलग्नताको कुनै प्रमाण दिन सकेको छैन । जुन यसअघि प्रमाणसमेत सार्वजनिक गर्ने गरेको थियो । श्रीलंका सरकारले भने यो हमलामा स्थानीय जिहादी समूह नेसनल तौहिद जमातको संलग्नता रहेको दाबी गर्दै उसलाई कुनै अन्तराष्ट्रिय आतंकवादी समूहले सहयोग गरेको दाबी गरेको छ । यो हमलामा संलग्न भएको आशंकामा ३८ जनालाई हिरासतमा लिइएको छ । श्रीलंकाका राष्ट्रपति मैत्रिपाला सिरिसेनाले राजधानी कोलम्बोमा रहेको सांग्रिला होटलमा विस्फोट गराउने कट्टरपन्थी उपदेशक जहरान हासिमको मृत्यु भएको बताएका छन् । उनले 'इल्हाम' नाम गरेका अर्का बम हमलाकारीसँगै हासिमले हमला गरेका थिए । यद्यपि, सांग्रिला होटलमा भएको विस्फोटमा हासिमको ठ्याक्कै के भूमिका थियो भन्नेबारेमा उनले केही खोलेनन् ।







त्यति धेरै चर्चामा नआएका हासिमले केही वर्षअघि बौद्ध धर्मसँग सम्बन्धित सालिकहरू कुरूप बनाएका थिए । त्यसपछि उनले गैरमुस्लिमविरुद्ध हिंसाको आह्वान गर्दै भिडियो नै युट्युबमा पोस्ट गरे । आइतबारको आक्रमण हुनुभन्दा केही दिनअघि आईएसले सार्वजनिक गरेको एउटा भिडियोमा उनी देखिएका थिए । जुन भिडियोमा सात जना पुरुष थिए । भिडियोमा हासिमको मात्रै अनुहार देखिएको थियो । जसमा उनीसँगै अन्य सात जना पनि थिए ।

आईएससँग हासिमको प्रत्यक्ष सम्पर्क थियो अथवा आबद्धता मात्रै थियो भन्नेबारे स्पष्ट छैन । श्रीलंकाको कट्टानकुडी नगरका बस्ने हासिमको कदमको उनकी बहिनीले समेत आलोचना गरेकी थिइन् । आक्रमणमा नौ जना सन्दिग्ध सामेल रहेको बताइन्छ । दुई जना मसला व्यापारी युसुफ इब्राहिमका छोरा थिए । इब्राहिम श्रीलंकाका धनीमध्येका एक हुन् । घटनापछि इब्राहिमलाई पक्राउ गरी सोधपुछ गरिएको थियो । इब्राहिमका एउटा छोराले हासिमसँगै सांग्रिला होटलमा र अर्का छोराले सिनमन होटलमा विस्फोट गराएका थिए ।

दक्षिण एसियामा लामो समयदेखि नै यस्ता हमलाहरू हुने गरेका छन् । दक्षिण एसियामा 'काउन्टर टेरोरिज्म'बारे राम्रो जानकारी राख्ने अजय साहनी भन्छन्, ' हमलाको स्केल, नियोजन र जटिलतालाई हेर्दा यसमा कुनै वैश्विक इस्लामिक चरमपन्थी संगठनको हात रहेको छ ।' यस समयमा इस्लामिक स्टेट (आईएस) र अल कायदा र यिनीहरूका सहयोगी संगठन यस्तो ठूलो स्तरको हमला गर्ने क्षमता राख्छन् । पछिल्लो समयमा यस्ता आतंकवादी संगठनहरूमाथि विश्वमा नै कारबाही तीव्र रूपमा अघि बढेको छ । श्रीलंकाका हिन्दू र मुस्लिम समुदायका अल्पसंख्यक जनताहरू भने बहुसंख्यक बुद्ध धर्मावलम्बीको थिचोमिचो सहँदै बस्न बाध्य भएकाले यो हमलामा पनि उनीहरूकै संलग्नताको सुरुवाती आशंका गरिएको थियो । त्यसपछि स्थानीय साना चरमपन्थीमाथि शंका गरिएको थियो ।

श्रीलंकामा गृहयुद्ध सकिएको करिब १० वर्ष भए पनि त्यहाँ पूर्ण रूपमा शान्ति कायम हुन सकिरहेको थिएन । यसै अवस्थाको फाइदा उठाउँदै हमलाको लामो तयारी भएको आशंका गरिएको छ । भारतको मुम्बईमा २६ नोभेम्बर २००८ मा भएको चरमपन्थी हमलामा १७४ जनाको मृत्यु भएको थियो । जुन हमलाको तयारी मात्रै करिब डेढ वर्ष लगाएर गरिएको बताइन्छ । यसको जानकारी यसको योजनामा सामेल भएका डेभिड कोलेमन हेडलीले अमेरिकाको एक अदालतमा दिएको थियो । आक्रमणकारीलाई पहिले शारीरिक र मानसिक तालिम दिइएको थियो ।

दक्षिण एसियाली राष्ट्रहरू पाकिस्तान र अफगानिस्तानमा आतंकवादी हमलाहरू भइरहन्छन् । अन्य देशहरू पनि यसबाट अछुतो छैनन् । श्रीलंकामा भएको आतंकवादी हमलाले विगतमा दक्षिण एसियाली क्षेत्रमा भएका आतंकवादी हमलालाई पनि स्मरण गराएको छ । भारत, पाकिस्तान, अफगानिस्तान, श्रीलंकामा ठूला आतंकवादी हमला भएका छन् ।

-१६ डिसेम्बर, सन् २०१४ मा पाकिस्तानको पेसावरमा रहेको एउटा सैनिक विद्यालयमा हमला भयो । जसमा १४१ जना मारिए । मारिनेमध्ये १३२ जना बालबालिका थिए । यो आक्रमण तालिवान आतंकवादीले गराएका थिए ।

-२६ नोभेम्बर २००८ मा भारतको मुम्बईमा भीषण आतंकवादी हमला भएको थियो । करिब ६० घन्टासम्म चलेको सो आक्रमणमा १७४ जनाको मृत्यु भएको थियो ।

-१६ जुलाई २०१८ मा पाकिस्तानको बलुचिस्तान प्रान्तको मस्तंगमा चुनावी ¬याल्यीका क्रममा आक्रमण भएको थियो । सो आक्रमणमा १४९ जनाको मृत्यु भएको थियो । पाकिस्तानमा भएको यो सबैभन्दा ठूलो आतंकवादी हमला मानिन्छ ।

-३१ मे २०१७ मा अफगानिस्तानको राजधानी काबुलस्थित जर्मन दूतावासनजिक गराइएको बम विस्फोटमा १५० जनाको मृत्यु भएको थियो भने ३ सय भन्दा बढी घाइते भएका थिए । सन् २००१ यता अफगानिस्तानमा भएको त्यो सबैभन्दा ठूलो विस्फोट थियो ।

-इसाई धर्मावलम्बीको इस्टर पर्वको दिन आइतबार श्रीलंकाको राजधानी कोलम्बोमा रहेका होटल र चर्चहरूमा गरी आठ स्थानमा शृंखलाबद्ध हमला भएको छ । सो आक्रमणमा ३६० जनाको मृत्यु भएको बताइए पनि गणनामा गल्ती भएको भन्दै मृतकको संख्या १ सय घटाइएको छ । जसअनुसार पनि २५० भन्दा बढीको मृत्यु भएको छ । यसरी मारिनेमा ३६ जना विदेशी र बाँकी सबैं श्रीलंकाली नागरिक छन् ।

*(एजेन्सीहरुको सहयोगमा)*

# प्यूठानको नांगे धुरी पर्यटकीय गन्तव्य बन्दै

बागलुङ सुदर पश्चिममा रहेको निसीखोला गाउँपालिका र प्यूठानको गौमुखी गाउँपालिकामा पर्ने नाङ्गे धुरीलाई प्रर्यटकीय क्षेत्र घोषण गर्नका निम्ती दुबै गाउँपालिकाले समन्वय गरेर अघी बढ्ने सहमती गरेका छन् ।

समुद्री सतहदेखि ३ हजार २ सय ४५ किलोमिटर उचाइमा रहेको उक्त क्षेत्र प्रर्यटकीय हिसाबले महत्वपूर्ण सम्भावना बोकेका कारण दुइवटै गाउँपालिकाले समन्वय गरेर विकास निर्माण सँगै प्रर्यटन प्रवर्धनमा अगाडी बद्ने सहमती गरेका हुन् ।

बैशाख १५ गते आईतबार नाङ्गे धुरीमा एक कार्यक्रमको आयोजना गर्दै दुबै गाउँपालिकाका अध्यक्ष, वडा अध्यक्ष , प्रमुख प्रशासकीय अधिकृत, स्थानीय बुद्धिजिवी, पत्रकार लगाएतको बिशेष उपस्थितीमा भएको एक कार्यक्रमबाट दुबै गाउँपालिकाले प्रर्यटन प्रवर्धन र नाङ्गे क्षेत्रको विकास गर्न प्रत्यक बर्ष बजेट बिनियोजन गरी कार्यान्वयन गर्ने र थप बजेटका लागि प्रदेश सँघिय सरकार एव. पर्यटन सम्बन्धी निकायमा पहल गर्ने , नाङ्गे क्षेत्रको दिर्घकालीन योजना निर्माण गर्नका निम्ती निसीखोला र गौमुखी गाउँपालिका अध्यक्षलाई प्रमुख संरक्षकको रुपमा राख्ने र उक्त क्षेत्रको विकासमा दुबै पालिकाले समान धारणा र एकरुप बुझाइ मार्फत अगाडी बद्ने बिषयमा छलफल एवं सहमती पत्रमा हस्ताक्षर भएको छ ।

कार्यक्रममा प्रमुख अतिथीको रुपमा निसीखोला गाउँपालिका अध्यक्ष तारानाथ पौडेलले बोल्दै प्रदेश ४ को निसीखोला र प्रदेश ५ को प्यूठान जिल्लाको सीमानमा रहेको नाङ्गे धुरी प्रर्यटकीय हिसाबले महत्वपूर्ण स्थल भएका कारण यसको व्यवस्थापनका निम्ती आफनो पालिकाले सक्दो समन्वय र सहयोग गर्ने बताउँदै दुबै पालिका अगाडी बढेमा नाङ्गे क्षेत्रले अवसर पाउनेमा आफु विश्वस्त रहेको बताए । त्यस्तै कार्यक्रमकै अर्का प्रमुख अतिथी गौमुखी गाउँपालिका अध्यक्ष विष्णुकुमार गिरीले बोल्दै आफुले नाङगे धुरीको बिषयमा धेरै पहिले देखि सुनेपनी पहिलोपटक अवलोकन गर्ने अवसर पाएकोमा गर्व लागेको बताउँदै यसक्षेत्रको विकास र पर्यटन प्रवद्धनमा आफनो पालिकाको तर्फबाट कुनै कन्जुस्याइ नगर्ने प्रतिबद्धता जनाएका थिए ।



कार्यक्रममा निसीखोला गाउँपालिका वडा नं.३ का अध्यक्ष जुनविक्रम गिरी, गौमुखी गाउँपालिका २ का अध्यक्ष डोरबहादुर राना, ३ का अध्यक्ष जँगबहादुर पुन, पत्रकारको तर्फदेखि पत्रकार महासँघ प्युठानका निवर्तमान अध्यक्ष गिरु प्रसाद भण्डारीले आआफ्नो विचार प्रस्तुत गरेका थिए ।

कार्यक्रमका अवसरमा निसीखोला गाउँपालिका वडा नं.४ का अध्यक्ष टिकानिधी पौडेल, गौमुखी गाउँपालिका उपाध्यक्ष तुलसी सुनार, पत्रकार छविलाल पाण्डे, राम सुवेदी, किरण पौडेल, समाजसेवी एवं नाङ्गे धुरीका प्रचार प्रसारका अभियन्ता भिम घर्ति, समाजसेवी भविन्द्र कुवँर, लगाएत दुबै पालिकाका समाजसेवी , बुद्धिजिवी, जनप्रतिनिधीको आतिथ्यता रहेको थियो ।

कार्यक्रमबाट भिम घर्तीको संयोजकत्वमा नाङ्गे क्षेत्र पर्यटन विकास समन्वय समितीको गठन गरीएको छ । समितीको सदस्यहरुमा निसीखोला गाउँपालिकाबाट लाल बहादुर सिँजाली धनबहादुर रोका, देवसिँह बुढामगर, गौमुखी गाउँपालिकाबाट सन्दिप राना, डोरबहादुर पुन, भुजेन्द्र राना गरी ७ सदस्यिय समितीको गठन गरीएको हो ।

कार्यक्रम निसीखोला गाउँपालिका प्रमुख प्रशासीकय अधिकृत रामप्रसाद आर्चायको अध्यक्षता, नेपाल पत्रकार महासँघ प्युठानका अध्यक्ष महावीर रानाको सञ्चालनमा सम्पन्न भएको थियो ।

# नागरिकतासम्बन्धी अन्तर्क्रिया



काठमाडौं । २०७६ वैशाख ११ गते, बुधबारका दिन सहिद चिनियाँलाल तथा उषा सिंह स्मृति प्रतिष्ठानको सभाकक्ष, उषा-भवन, सेतो देवल, कुपण्डोल ललितपुर, नेपालमा नेपाल नागरिकता ऐन संशोधन २०७५ ले नेपाल राष्ट्रको राष्ट्रियता, सार्वभौम सत्ता र अखण्डतामा गम्भीर प्रतिकुल असर पार्ने भएकोले नेपालमा बास्तविक नेपालीहरूलाई नेपाल भित्रै अल्पमतमा पारी भोट मार्फत् नै सिक्किम विलय गरे जस्तै विलय गर्ने, त्यो हुन नसके फिजी बनाउने र त्यो पनि गर्न नसके भुटान बनाउने सुनियोजित षडयन्त्रलाई साकार पार्न अन्तिम कसरत भईराखेको छ । तसर्थ नेपाली जनतालाई सावधान गर्दै "वौद्धिक हस्तक्षेप आजको आवश्यकता" विषयक विचार गोष्ठी कार्यक्रम सम्पन्न भएको छ ।

कुमारी माँको राज्य सुरक्षित छ जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी भन्दै सतर्क पनि हुनै पर्छ ! मलाई पूर्व राजा बनाए जस्तै नेपालमा नेपालीहरू पूर्व नबनून ! देशभक्त श्री ५ ज्ञानेन्द्रबाट समेत सतर्कताको आवश्यकता गरेकोले यो विषय नेपालको लागि ज्यादै नै संवेदनशील रहेको सो कार्यक्रम प्रजा परिषदका केन्द्रीय सदस्य विनोद आचार्यको सभापतित्व र नेपाल अधिराज्यको संविधान २०४७ कार्यान्वयन जनदवाव समाजका संयोजक एवं वुद्धिजिवी प्रा. विष्णुराज पाण्डेको प्रमुख आतिथ्यमा भएको थियो ।

सभापतिको आसनबाट विनोद आचार्यले प्रजा परिषदको राजनीतिक विचारधारा भनेको देश, नेपाली जनता र सनातन धर्मको संरक्षण राजाले गर्ने, देशको दैनिकी राज्य संचालन जन निर्वाचित प्रतिनिधिहरूले गर्ने हो भन्ने विचार पोख्नु भयो । वहाँले आजकै दिन २०६३ साल वैशाख ११ गते भएको १९ दिने आन्दोलनलाई व्यवस्थापन गर्न राजा ज्ञानेन्द्रले दलहरूको सहमतिमा सदासयतापूर्वक पुनः स्थापित संसदले दुराशयपूर्वक नेपालको सम्पूर्ण पहिचानलाई मेटाएको थियो भन्नु भयो ।

प्रमुख अतिथि एवं वुद्धिजिवी प्रा.विष्णु राज पाण्डेले वुद्धिजिवीले आज भनेको बोली भोली ठिक भए मात्र वुद्धिजिवी कहलिन्छ प्रतिकुल अवस्थामा राजा र प्रजातन्त्रको पक्षमा बोल्दै आएकोले आज हाम्रो आवाज देशमा बुलन्द भैरहेको चर्चा गर्दै भारत र नेपालका हिन्दू संस्कारमा हुर्केका सनातनीहरूले आफ्नो पितृहरूको श्राद्धमा राजालाई नै पिण्ड दिँदै आएको छ भन्दै २०५८ जेष्ठ १९ गते दरबार हत्याकाण्ड पछि मुश्किलमा राजा बनाएका राजा ज्ञानेन्द्रले निराधार, कपोल कल्पित, अतिरञ्जना पूर्ण हल्लाको सामना मात्र गरेन २०६५ साल जेष्ठ २९ गते राजदरबार छोडेर बुद्धिमता पूर्ण गरेको निर्णयको कारण नेपालमा अब हजारौं वर्षको लागि राजसंस्था अपरिहार्य आवश्यकता भएको आम जनताले महसुस गरेका छन भन्नु भयो ।

विशिष्ट अतिथि राष्ट्रिय समाज सुधार संस्का के.स. सुश्री नीरा रंजितले २०५६ सालमा अर्थ विधेयक नामाकरण गरी लालमोहर लगाउन राजा वीरेन्द्रमा पठाए पछि रा.स.सु.संस्थाले त्यसलाई निष्क्रिय पार्न खुलामञ्चमा जन अभिमतको परिणाम घोषणा गरेर स.अ. र राजामा पेश गरेको चर्चा गर्दै जनताले नै राणा, पंचयात र बहुदलिय प्रजातान्त्रिक व्यवस्थालाई फ्यालेकोले जनताले नै राजसंस्था र हिन्दू अधिराज्यलाई पुनःस्थापना गर्नेछ भन्दै जनताको घर दैलो कार्यक्रम संचालन गर्नु पर्ने कुरामा जोड दिनु भयो ।

प्रेरक

## ज्योतिषको भविष्यवाणी



एउटा गाउँमा एकजना ज्योतिष बस्थे । उनी आफूलाई संसारकै उत्कृष्ट ज्योतिष ठान्थे । उनी तारा हेरेर मानिसको भविष्य बताइदिन सक्ने दाबी गर्थे । उनी जहिल्यै तारातिर मात्र हेरिरहन्थे । जब आकाशमा ताराहरू देखिन थाल्थे, तब उनी जहिल्यै हतारिँदै घरबाट बाहिर निस्कन्थे । उनी कहिलेकाहीँ त रातमा गाउँलेलाई चौरमा भेला गराएर उनीहरूको भविष्य फटाफट बताउन थाल्थे । कतिपय गाउँले उनको भविष्यवाणीमा विश्वास गर्थे भने कतिपयले चाहिँ पटक्कै विश्वास गर्दैनथे ।

एक साँझ खानपिनपछि ज्योतिष आफू सुत्ने कोठाको झ्यालबाट आकाशतिर हेर्दै थिए । उनी आकाशका तारा देखेर दंग परिरहेका थिए । मनमनै सोच्दै पनि थिए– आहा ! कति सुन्दर तारा ! यी तारा हेरेर म कति सजिलै मानिसको भविष्य बताइदिन सक्छु । गम्भीर सोचमा डुबेका ज्योतिषले अचानक आकाशबाट एउटा तारा झरिरहेको देखे । झर्दै गरेको तारा देखेपछि उनी गाउँलेलाई बोलाउँदै घरबाहिर कुदे ।

आकाशबाट झर्दै गरेको तारा हेरेर कुदिरहेका ज्योतिष बाटोमा पर्ने छिमेकीको बारीबाटै चौरतिर लागे । तर, अचानक उनी छिमेकीले चर्पी बनाउन खनेको खाडलमा खसे । खाडल निकै गहिरो थियो । उनी बाहिर आउन सकेनन् । गाउँलेले डोरी खसालेर मुस्किलले तानिदिनुप(यो । ज्योतिष खाडलमा खसेको थाहा पाएर त्यहाँ आइपुगेका गाउँलेहरू खासखुस गर्न थाले– दुनियाँको भविष्य बताइदिने धक्कु लगाउने पण्डित बाजेलाई आफ्नै वर्तमान त थाहा रहेनछ, यस्ताले अरूको भविष्य के बताउलान् ?

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। प्रयत्न गर्दा राम्रो उपलब्धि हातलागी हुनेछ । पहिले रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्न सक्छ । आम्दानी बढ्नाले उत्साह जाग्नेछ । व्यापारमा राम्रै फड्को मार्न सकिनेछ । साझेदारीबाट पनि लाभ मिल्नेछ। पारिवारिक आवश्यकता पूर्ति होला । श्रमको उचित मूल्यांकन हुनेछ । सञ्चित धनको उपयोगबाट विशेष लाभ मिल्नेछ ।

### बृष

नयाँ कामले नाम र दाम दिलाउनेछ । कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ । मिहिनेतले सजिलै लक्ष्यमा पुर्याउनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ । पदासीन व्यक्तिहरूसँग मित्रता बढ्नेछ । व्यवसायमा सोचेको प्रगति हुनेछ। कर्मयोगले मानसम्मान समेत दिलाउन सक्छ ।

### मिथुन

तत्काल उपलब्धि प्राप्त नभए पनि सम्भावना खोजी गर्ने समय छ। दिगो फाइदा हुने योजना बन्न सक्छ। आफूलाई लाभ नभए पनि सानो प्रयत्न गर्दा सामाजिक काम बन्नेछ। अवसरवादीहरूबाट सजग रहँदै गोपनीयतामा ध्यान पुर्याउनुहोला । बाध्यात्मक परिस्थितिले अलमल्याउन सक्छ। दोहोर्याएर प्रयत्न गर्दा रोकिएको काम बन्नेछ । उपलब्धिका लागि समय प्रतीक्षा गर्नुपर्ला ।

### कर्कट

चुनौतीपूर्ण कामको जिम्मेवारी वहन गर्नुपर्ने समय छ । अस्वस्थताले लक्ष्यमा पुग्न समस्या पर्नेछ । शुभचिन्तक र प्रतिस्पर्धीलाई समेटेर काम लिनुपर्ने समय छ। योजना पूर्ण नभए पनि आंशिक लाभ अवश्य हुनेछ । सम्भावना देखिए पनि उपलब्धि प्राप्त गर्न समय लाग्नेछ। समस्या दर्साउँदा सहयोगीहरूबाट साथ पाइनेछ। परिस्थिति विचार गरेर मात्र नयाँ काम थालनी गर्नुपर्ला ।

### सिंह

आजको दिन निकै रमाइलो र उत्साहवर्द्धक रहनेछ । परिस्थितिले नयाँ मार्गतर्फ अग्रसर गराउन सक्छ । नयाँ परिवेशमा पुगिए पनि नयाँ साथीभाइ भेटिनेछन् । प्रेमको बन्धन कसिनेछ । कामको सन्दर्भमा रमाइलो यात्राको अवसर प्राप्त हुन सक्छ। साथीभाइ र सहयोगीहरूले साथ दिनेछन्। पहिलेको दुविधाले निर्णायक मोड लिनेछ । भौतिक सुविधाका वस्तुहरू जुटाउन सकिनेछ ।

### कन्या

केही चुनौती अँगाल्नुपरे पनि आँटले लक्ष्यमा पुऱ्याउनेछ। ईर्ष्या गर्नेहरू स्वयं पछि पर्नेछन् भने कर्मयोगले भविष्यको बाटो समाउनेछ । मिहिनेतले काममा सफलता प्राप्त हुनेछ । समस्या पन्छाएर अधिकार स्थापित गर्न सकिनेछ । दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। रोग तथा शत्रुमाथि विजय प्राप्त गर्न सकिनेछ । प्रतिस्पर्धाको दौडमा समेत सजिलै जित हासिल हुनेछ।

### तुला

कामको गति सुस्त हुनाले प्रतिफल पनि प्रभावित हुनेछ । आफ्नै कमजोरीले लक्ष्यमा पुग्न नसकिएला । राम्रो नतिजा हातपार्न काम दोहोर्याउनुपर्ला। अरूको भरले मात्र उद्देश्य पूरा नहुन सक्छ। अध्ययनका लागि आजको दिन त्यति उपलब्धिमूलक नभए पनि व्यावसायिक कर्मले गति लिनेछ । समस्या दर्साउँदा शुभचिन्तकहरूले साथ दिनेछन् । प्रतिफल हातपार्न केही समय लाग्नेछ ।

### बृश्चिक

अवसरलाई पछ्याउन नसक्दा व्यवहारमा पछि परिनेछ । समयमा सजग नबन्दा शुभचिन्तकहरू टाढिन सक्छन् । परिस्थितिवश मिहिनेतको फल अरूलाई सुम्पनुपर्ने अवस्था आउन सक्छ। आफ्नाले समयमा सहयोग नगर्दा अवसर फुत्किएला। बाध्यताले अलमल्याउन सक्छ। अरूका लागि समय, धन र बुद्धि खर्चनुपर्ला। नयाँ योजना प्रारम्भ गर्न उपयुक्त साइत पर्खनुहोला ।

### धनु

अग्रज तथा सहयोगीहरू जुट्नाले काम बन्नेछ र सोचेको लाभ उठाउन सकिनेछ। कर्मयोगले नयाँ मोड लिनेछ भने पुरुषार्थी काम सम्पादन गर्दै नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ । मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ। शत्रु परास्त हुनेछन् भने प्रतिस्पर्धीहरू पछि हट्नेछन् ।

### मकर

बोलीको गलत अर्थ लाग्नाले मान-सम्मानमा आघात पुग्ने सम्भावना छ। विचार सम्प्रेषण गर्नुअघि राम्ररी विचार पुर्याउनुहोला। श्रम परे पनि सोचेको मूल्य प्राप्त नहुन सक्छ । आफ्नो कमजोरीको फाइदा अरूले उठाउन सक्छन् । नयाँ जिम्मेवारी प्राप्त भए पनि उपलब्धिका लागि समय प्रतीक्षा गर्नुहोला । फजुल खर्चले चिन्ता बढाउन सक्छ । काममा ईर्ष्या गर्नेहरूबाट सजग अलि रहनुपर्ला ।

### कुम्भ

विभिन्न अवसरले पछ्याए पनि समयमा निर्णय लिन नसक्दा पछि परिनेछ । स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला । आफ्ना कमजोरीको फाइदा अरूले उठाउने चेष्टा गर्नेछन् । स्वार्थका लागि धाउनेहरूबाट धोका हुनेछ। मुख्य भूमिका निर्वाह गर्दागर्दै पनि अरूको छायामा परिएला। बिछोडिएका आफन्तसँग भेटघाट हुनेछ । आगन्तुकले अलमल्याउने हुँदा लक्ष्यमा पुग्न समय लाग्नेछ।

### मीन

घरखर्च बढ्नुका साथै अर्थ अभावले सताउन सक्छ। अरूको विश्वास गर्दा धोका पाइएला। आफ्नाबाटै टाढिनुपर्ने परिस्थिति पनि आउन सक्छ । फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला। टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ । बसाइको स्थानान्तरण तथा यात्रा सम्भावना छ । अवसरका लागि गरिएको प्रयत्न व्यर्थ हुने छैन । पछि फाइदा हुने काममा जग बसाउने समय छ।

# बढ्दै बालक तस्करी

राकेश प्रसाद चौधरी



प्रदेश नम्बर २ को सीमानाका हुँदै दलालहरूले भारतमा तस्करी गरिरहँदा उद्धार हुने बालकहरूलाई घर फिर्ता ल्याउने काम तदारूकताको साथ हुन सकेको छैन ।

स्थानीय प्रशासनको बेवास्ता र सामाजिक संघसंस्थाको प्राथमिकतामा यो समस्या नपरेको कारण भारतीय सुरक्षाकर्मीले यी बालकहरूलाई उद्धार गरि स्थानीय बालगृहहरूमा राख्दासमेत चाँसो र चिन्ता लिनेहरूको संख्या न्यून छ । दलालले प्रलोभनमा पारेर प्रदेश नम्बर २ का आठवटै जिल्लाबाट दिनहुँ यस्ता बालकहरूलाई काममा लगाइदिने भन्दै सीमानाका कटाउने गरिएको छ । भारतीय सुरक्षाकर्मीले यस्ता बालकहरूलाई विहारको प्रमुख रेल्वे स्टेशन दरभंगा, पटना, मुजफ्फरपुर र सीतामढीसहितको ठाउँबाट उद्धार गर्दै स्थानीय बालगृहमा पठाउने गरेका छन् ।

दिल्ली, राजस्थान, मुम्बई, कलकत्ता, हैदरावादसम्म मात्र नभई प्रदेश २ का नाबालहरू भारतको चेन्नईसम्म पुऱ्याउने गरिन्छ । तस्करी हुने क्रममा उद्धार गरिएका २८ जना बालक भारतीय बाल गृहहरूबाट घर फर्किने आशामा छन् तर स्थानीय प्रशासनलाई कुनै वास्ता नरहेको पत्रकार अजय अनुरागीको आरोप छ ।

बितेको चैत १४ गते विहारको सीतामढीबाट यी बालकहरूको उद्धार गरिएको थियो । जसमा धनुषाका ११, महोत्तरीका १२, सिरहाका तीन र सर्लाहीका दुई बालक छन् । यी बालकहरू १८ वर्ष मुनिका छन् । तस्करी हुनबाट जोगिएर उद्धार भएका मध्ये २३ जना दलित, एक मुस्लिम तथा दुई बालक यादव समुदायका छन् । जसमध्ये २६ लाई सीतामढी तथा २ बालकलाई दरभंगाको बालगृहमा राखिएका छन् ।

भारत विहारको सीतामढी जिल्लासँग प्रदेश २ को महोत्तरी, सर्लाही र रौतहटको सिमाना जोडिएको छ । त्यहीं धनुषा, सिरहा र सप्तरीको सिमाना विहारको मधुवनीसँग जोडिएको छ। तथापि ठूलो रेल्वे स्टेशन दरभंगा जिल्लाको दरभंगामा भएकोले धेरै बालकहरू यहीं ठाउँबाट उद्धार गरिन्छ ।

समय समयमा सीमानाका जोडिएको नेपाल-भारतका प्रशासनिक एवं सुरक्षा निकायसँग मानव तस्करीभन्दा बढी सरसमानको तस्करीसँग जोडिने अपराध नियन्त्रणको बहस र निर्णय मात्र हुने गरेको विभिन्न संचारमाध्यममा आउने समाचारहरूबाट देखिन्छ ।

नगरपालिका र गाउँपालिकाको नामबाट गाउँशहरमा स्थानीय सरकारले बालकहरूलाई भारतीय बाल गृहहरूबाट फिर्ता ल्याउने विषयमा कुनै ठोस निर्णय र कार्यविधिहरू बनाउन नसक्दा कामकारवाही पुरानै विधिबाट हुने गरेको बाल अधिकारकर्मी तथा अधिवक्ता बिकरू यादवले बताए । यस सम्बन्धमा जिल्लास्तरीय बाल कल्याण समिति एवं स्थानीय सरकारको कानुन अभाव र भारतीय बाल गृहहरूसँग टाढा टाढासम्म कुनै सम्बन्ध स्थापित हुन नसकेकोले विहारमा रहेको जिल्ला बाल कल्याण समितिले सिधै नेपालको केन्द्रिय बाल कल्याण समितिलाई बालकहरूको जानकारी दिने र फिर्ता लगिदिन जानकारी दिने गरिएको हो ।

सीतामढी जिल्लाको बाल कल्याण समितिका अध्यक्ष विश्वास भाजनले समेत यही प्रक्रियामार्फत केन्द्रीय बाल कल्याण समितिलाई पत्राचार गरेको हो । यी बालकहरूलाई उद्धार गर्ने प्रक्रियामा जिल्ला प्रशासन कार्यालयहरू सक्रिय रहेको बुझिएको छ ।

बितेको चैत महिना धेरैदिनको प्रयासपछि रौतटहको गुजरा नगरपालिका ८ सिमरा भवानीपुरका ११ वर्षीय मोहम्मद एहसान उर्फ जाफर सदिक र सोही नगरपालिका ४ कनकपुरका १३ वर्षीय शेख नजमद्दिनलाई सोही जिल्लाको स्थानीय प्रशासनको सहयोगमा ग्रामीण विकास केन्द्रले बालगृहबाट घर फिर्ता ल्याएका हुन् । त्यहीं रौतहटबाटै भारत तस्करी हुन लागेको शंका लागेपछि भक्तपुर टोमरीकी शान्ति साह र काभ्रे पनौती नगरपालिका ८ की १८ वर्षीया अंगिता कार्कीलाई उद्धार गरि घर पठाइएको थियो ।

जिल्ला प्रशासन कार्यालयहरू सक्रिय हुने गरेपनि यो समस्या प्राथमिकतामा नराखेको उदाहरण सिरहा र सप्तरी जिल्लाको एक घटनाबाट देखिन्छ । नौ महिना अगाडि सिरहा र सप्तरी जिल्लाबाट तस्करी भई भारत पुगेका दलित मुसहर समूदायका छ जना बालकहरूलाई भारतीय प्रहरीले उद्धार गरि दरभंगाको बालगृहमा राखेको थियो । नेपालमा स्थानीय प्रशासनलाई खबर पुगेको झण्डै एक महिनापछि विभिन्न अवरोध पार गर्दै ती बालकहरू घर फर्काएको थियो । जिल्ला बाल संरक्षण इकाईको बाल गृहबाट बालकहरू फिर्ता ल्याउन सरकारी टोली दुई पटक नै त्यहाँ पुग्नु परेको थियो ।

दलालहरू बालकलाई सीमानाका भएर हुँदै तस्करी गराउने क्रममा समूहबाट छुट्टिएर निगरानी गर्छन् । बालकहरू पक्राउ परे लगत्तै दलाल बालकहरूको परिवारबाट सम्पर्कविहीन बन्ने गरेको महोत्तरी समसीका अधिकारकर्मी नेयाज अहमदले बताए । उनले बालबालिकाको तस्करी नियन्त्रण गर्न प्रदेश सरकारले स्थानीय सरकारसँग समन्वय गरि तत्काल कदम चाल्नुपर्ने माग समेत गरे । यस्ता घटना यहाँबाट मात्र नभई भारतबाट समेत दलालको फन्दामा परेर नेपालमा तस्करी गरि विभिन्न ईटा उद्योगहरूमा जोखिमपूर्ण काममा महिला तथा बालबालिका प्रयोग भइरहेको देखिन्छ ।

भारतीय ठूला शहरहरूमा जरी (कपडामा बुट्टा भर्ने) को कामलाई स्थानीय प्रशासनले कडाई गर्न थालेपछि नेपाली बालकहरूलाई तस्करी गरी होटल तथा घरेलु काममा लगाउने गरेको पाइन्छ । तस्करले खासगरि विपन्न एवं दलित परिवारका विद्यालय बाहिर रहेका बालकहरूलाई निशाना बनाई भारतसम्म पुऱ्याउने गरेको विभिन्न अध्ययनले देखाएको छ ।

विभिन्न नगर तथा गाउँपालिकाहरूले घरधुरी सर्वेक्षणको नाममा लाखौं रूपैयाँ खर्चे पनि प्राथमिक तथा आधारभूततहको विद्यालय बाहिर रहेका र त्यसमध्ये तस्करी भई भारत वा अन्य देशमा पुगेका बालबालिकाको एकीन तथ्याङ्क सार्वजनिक नगरेको आरोप लाग्ने गरेको छ । प्रदेश २ का दुई लाख बालबालिका विद्यालयको पहुँच बाहिर रहेको प्रारम्भिक अनुमान छ । त्यसमध्ये तस्करी भई देश बाहिर पुगिसकेका बालबालिकाको संख्या सरकारी तथा गैरसरकारी निकायबाट आउन सकेको छैन । यस विषयमा प्रदेश एवं प्रतिनिधि सभामा विषय उठान भई कडा कानुनको निर्माण हुनुपर्ने माग बाल एवं दलित अधिकारीकर्मीहरूको छ ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Hue and cry = कोलाहल When pickpocket snatched her purse she raised such a hue and cry that the thief was captured पैसाको ब्याग थुत्ने बित्तिकै तिनले यसरी कोलाहल मच्चाइन् कि पाकेटमार तुरुन्तै पक्डियो)

Insularity = सानो मन वा सीमित सोचाइ भएको The insularity of her husband reflects itself always in his suspicion about her (उनको लोग्नेको सानो मन छ भन्ने कुरा उसले उनीमाथि गरेको शंकाले पुष्टि गर्दछ)

Loath = अनिच्छुक हुनु My parents were loath for me to study abroad (मेरा बाबुआमाहरू मेरो विदेशमा पढन जाने कुराप्रति अनिच्छुक थिए)

Mote = सानो खटिरा The mote in the eyes is always very painful (आँखामा आउने सानो खटिरा पनि निकै दुखाउने खालको हुन्छ ।

Necromancy = मसान जगाउने शास्त्र Those performing necromancy call on the spirit of the dead to tell the future (मसान जगाउने कार्य गर्नेहरूले मरेको आत्मालाई बोलाई भविष्य बताउन लगाउँछन् )

Opulence = विलासिता The opulence of the living room of the palace took my breath away (दरबारको बैठकको विलासीपूर्ण सजावट देखेर मेरो श्वास नै रोकियो)

Propriety = सही आचरण The singer advised the audience not to embarrass him rather behave with propriety while singing (गीत गाइरेहको बखत आफूलाई हैरान नपार्न बरु सही आचरण प्रदर्शन गर्न गायकले दर्शकहरूलाई सल्लाह दियो)

Purveyor = आपूर्ति गर्ने As purveyor of wine and beer, he has travelled all over Europe ( बियर र रक्सी आपूर्ति गर्ने मानिसको रुपमा उसले पुरै युरोप घुमेको छ ।

Roseate = आशावादी Do not be that much roseate, otherwise you will get frustrated if you failed in the interview (धेरै आशावादी नहोऊ पछि अन्तर्वार्तामा असफल हुँदा धेरै निराश हुनु पर्ला)

Synchronous = एउटै बेलाको उस्तै खालको Sometimes synchronous discoveries are made simultaneously in different part of the world (कहिलेकाहीँ विश्वको फरक फरक ठाउँमा एकै किसिमको आविष्कारहरू हुने गर्दछन)

## Get बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

**Get** बाट के के कुरा भन्न सकिन्छ थाहपाई राख्नुहोस

Get off at = ओर्लनु I am geeting off at the next station म अर्को स्टेसनमा ओर्लदैछु ।

Get by = अगाडि जानु Please let me get by कृपया मलाई अगाडि जान दिनुस् न !

Get to = लाग्नु Where do they get to ? तिनीहरु कता लाग्दै छन् ?

Get to = पुग्नु We got to London yesterday at 9 PM हिजो नौ बजे हामी लण्डन पुग्यौं ।

Get into = भित्र प्रवेश गर्नु Just now the train has got into the city of Hannover भर्खरै रेल हानोभर शहरभित्र प्रवेश गरेको छ ।

Get through = छिराउनु We could not get the bed through the door हामीले खाटलाई ढोकाबाट छिराउन सकेनौं ।

Get home = घर लग्नु He is drunk again, get him home immediately उसलाई रक्सी लाग्यो तुरुन्तै घर लगिदेउ !

Get lid on/off = बिर्को खोल्नु । लगाउनु While using the medicine do not ferget to get lid on/off औषधी पयोग गर्दा बिर्को खोल्न, लगाउन नबिर्स ।

Get far with = पर पुग्नु I have not got far with this novel and will finish reading it only tomorrow म यो उपन्यास पढने क्रममा त्यति धेरै पर पुगेको छैन भोलिमात्रै पढिसक्नेछु ।

Get dinner = बेलुकीको खाना खानु While getting dinner, she watches TV बेलुकीको खाना खाँदै गर्दा तिनी टेलिभिजन हेर्छिन् ।

## सुडोकु-अंक १४९

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २ | ४ | | ३ | ७ | | |
| | ३ | | १ | | ६ | | ९ | |
| | | | | ७ | | | | |
| ५ | | ९ | | | | २ | | ८ |
| | ८ | | | २ | | | ३ | |
| ३ | | १ | | | | ४ | | ७ |
| | ४ | | | | | | | |
| | ६ | | ५ | | ७ | | २ | |
| | | ७ | ८ | | २ | ९ | | |

## अंक १४८ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | ३ | १ | ४ | ९ | ५ | ६ | ८ | ७ |
| ९ | ४ | ६ | १ | ७ | ८ | ३ | ५ | २ |
| ८ | ५ | ७ | ६ | ३ | २ | १ | ९ | ४ |
| १ | ६ | ८ | ७ | २ | ९ | ४ | ३ | ५ |
| ५ | ७ | ९ | ३ | ८ | ४ | २ | १ | ६ |
| ३ | २ | ४ | ५ | ६ | १ | ९ | ७ | ८ |
| ६ | ८ | २ | ९ | ५ | ३ | ७ | ४ | १ |
| ४ | ९ | ५ | २ | १ | ७ | ८ | ६ | ३ |
| ७ | १ | ३ | ८ | ४ | ६ | ५ | २ | ९ |

# शब्दचित्रमा वरिष्ठ साहित्यकार वासुदेव ढकाल

**नाम,थर, गोत्र** : वासुदेव उपाध्याय ढकाल, औपमन्यव

**चल्तीको छोटकरी नाम** : वासुदेव ढकाल

**उपनाम** : अज्ञानका गुरु

**जन्ममिति** : वि.सं. १९८४ फागुन शुक्ल एकादशी, शुक्रबार
**जन्मस्थान** : बत्तीसपुतली, काठमाडौं नेपाल

**निवास** : वासुदेव योगाश्रम, ६१२ सेतोघर, बीच बानेश्वर, काठमाडौं-३४ फोन ४७२५८३

**पिताको नाम** : पं.माधवप्रसाद ढकाल, धर्मशास्त्राचार्य

**माताको नाम** : जगत् मंजरी देवी

**बाजेको नाम** : पं.नरोत्तम ढकाल, प्रसिद्ध ज्योतिषविद्

**शैक्षिक योग्यता** : एमए (नेपाली), योगाचार्य

**विशेष योग्यता** : वरिष्ठ साहित्यकार, विश्वयात्री

**विशेषता** : पृथ्वीको उत्तरी ध्रुवप्रदेशको पहिलो नेपाली पदयात्री

**विशेषता** : नेपालमा योगको क्षेत्रमा पुरस्कार स्थापना गर्ने पहिलो व्यक्ति

**विशेषता** : नेपालका तत्कालीन राष्ट्रगुरु ब्रह्मलीन योगी नरहरिनाथद्वारा आयोजित देवघाट बागीश्वरीमा भएको 'प्रथम विश्व बृहद सन्त सम्मेलन २०५३ ले ' दार्शनिक विशिष्ट ज्ञान यज्ञे प्रथमो दान शौण्ड' को उपाधि प्रदान गरेको ।

**धर्म** : वैदिक सनातन हिन्दू धर्म ।

**प्रवर** : पञ्चप्रवर

**शाखा** : माध्यन्दनीय

**वाद** : वैदिक साम्यवाद, मानवतावाद

**जीवनशैली** : भावमा अद्वैत, क्रियामा द्वैत

**जीवनदर्शन** : ज्ञान अज्ञान एउटै हो, एउटै हो सदसत् पनि ।

**संस्थापक अध्यक्ष** : वासुदेव ढकाल गोरक्षनाथ पुरस्कार गुठी २०५३

**पुरस्कार** : त्रिमूर्ति निकेतनद्वारा 'त्रिमूर्ति पुरस्कार' प्राप्त, नेपाल सरकारद्वारा भानुभक्त पुरस्कार प्राप्त ।

**पञ्चमहाव्रती** :



१. यथासम्भव कसैसित केही नमाग्ने
२. यथासम्भव आफ्नो काम आफैं गर्ने, आफैं जस्तो बन्ने
३. यथासम्भव सादा जीवन, फजुल खर्च नगर्ने, मितव्ययिता अपनाउने
४. यथासम्भव आमानित्य, जान्ने बन्न नखोज्ने, मान नखोज्ने
५. यथासम्भव स्वाध्याय प्रकृतिलाई गुरु मान्ने, अन्तर्मुखी हुने, आफ्नो गुरु आफैं बन्ने ।

**पञ्च जिज्ञासु : पाँच कुरा जान्न खोज्ने**

१. आत्मालाई (आफूलाई) आफ्नो देह र आत्मालाई जान्न खोज्ने
२. मान्छेलाई अर्थात् मान्छेको स्वभाव, प्रवृत्ति र आचरणलाई जान्न खोज्ने
३. द्रव्यलाई अर्थात् भौतिक सम्पत्तिलाई वस्त्र र परत्र दुवै संसारलाई जान्न खोज्ने
४. संसारलाई अर्थात् भौतिक र आध्यात्मिक वस्त्र र परत्र दुवै संसारलाई जान्न खोज्ने
५. परमात्मा, परमेश्वर, परमपितालाई जान्न खोज्ने ।

**विशेष अभिरूचिका ९ विषयहरू :**

१. साहित्य २. यात्रा (पर्यटन) ३. कामशास्त्र ४. आत्मालोचना ५. अध्यापन ६. गृहस्थ योग ७. देशभक्ति ८. पञ्च महाव्रत ९. अशक्त वृद्ध सेवा ।

पूर्वज कुलानन्द ढकाल श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायणका प्रमुख राजज्योतिषी एवं सल्लाहकार ।

**सैनिक शिक्षा एवं तालिम प्राप्त व्यक्तित्व**

म मेरो देश नेपालको एक सैनिक सिपाही पनि हुँ । २००८ सालमा शिक्षामन्त्री नृपजंग राणाको आदेशानुसार त्रिचन्द्र कलेजको तर्फबाट भर्खर ब्याचलर परीक्षा सम्पन्न गरेका विद्यार्थीहरुको समूहलाई सैनिक शिक्षा एवं तालिम दिने उद्देश्यले २ महिनाव्यापी शिविर गोदावरी क्याम्पमा हुँदा म पनि सहभागी भएको थिएँ । यसै सन्दर्भमा गोदावरी बेस क्याम्पबाट फुलचोकी डाँडाको टुप्पामा अवस्थित देउरालीमा पुगी त्यहाँबाट फर्की पुनः बेस क्याम्पमा आउने दौड प्रतियोगितामा प्रथम भएको । साथै आफ्नो देश नेपालको समयसमयमा गरेको आन्तरिक पैदल भ्रमणको सिलसिलामा १४ अञ्चल ७० जिल्ला भ्रमण गर्न सफल । जस्तै धुञ्चे-काठमाडौं, पाँचथर-इलाम ।

**पर्यवेक्षण भ्रमण**

सन् १९५७ मा भारत सरकारको निमन्त्रणामा भारतमा



भएको महानिर्वाचनमा पर्यवेक्षकको रुपमा भाग लिन तत्कालीन नेपालका चिफ इलेक्सन कमिसनर सुवर्णशमशेर जबराको नेतृत्वमा निर्वाचन अफिसरको हैसियतले १ महिनाव्यापी भारत भ्रमण गरेको ।

**सेमिनारमा भाग लिएको**

श्री ५ को सरकार नेपालको तर्फबाट २०२०।६।३ देखि कात्तिक तकको १ महिनाव्यापी कोलम्बो योजनाको सहकारी व्यवस्था सेमिनारमा भाग लिन नयाँदिल्ली गएको ।

**युरोप यात्रा**

सन् १९६९ को मेदेखि सेप्टेम्बरसम्मको युएन फेलोसिप अन्तर्गत पर्यटनको अध्ययन भमणमा सर्वप्रथम स्कन्दनिवियाका देशहरु डेनमार्क, स्वीडेन, नर्वे र फिनल्यान्डका साथै युकेका देशहरु इंग्ल्यान्ड, स्कटल्यान्ड र आयरल्यान्डको बीचमा रहेको सामुद्रिक टापु आइल अफ म्यान समेतको ५ महिनाव्यापी युरोपीय देशहरुको पर्यटनको अध्ययन भ्रमण गरेको । यसै सन्दर्भमा फिनल्यान्डको राजधानी हेलसिन्कीबाट चार्टर विमानद्वारा कर्कटरेखा पार गरी उत्तरी ध्रुव प्रदेशस्थित रोमानियमी सहरमा पुगी केही दिन पैदल भ्रमण समेत गरी नेपालमा हुने कस्तुरी मृगजस्तै त्यहाँका रेन डियरको पनि अवलोकन गरेको । त्यहाँका बासिन्दाले हिमाली देशबाट आएका पाहुना भनी विशिष्ट अतिथिको रुपमा जुलाई १३,१९६९ मा स्वागत समारोहको समेत आयोजना गरेको । पछि नेपाल आएपछि परराष्ट्र मन्त्रालयद्वारा लेखापढी गर्दा उत्तरी ध्रुव प्रदेशमा पुगी पैदल भ्रमण समेत गर्ने पहिलो नेपाली पदयात्री बन्न पुगेको । अष्ट्रेलियामा १० महिना बसी विशेष अंग्रेजी भाषाको तालिम प्राप्त गरेको ।

श्री ५ को सरकारको निर्णय अनुसार २०३३ साल फागुन ९ गतेदेखि अष्ट्रेलियाको राजधानी क्यानबेरामा Canberra college of Advance Education, School of Liberal Studies बाट An Intensive course at a Post Intermidiate level in English As a Foreign Language पास गरी प्रमाणपत्र प्राप्त गरेको ।

**सेवा :**

**राष्ट्रसेवा** : श्री ५ को सरकारको राजपत्रांकित प्रथम श्रेणीसम्म पुगी ३७ वषर्घ काम गरेको ।

**शैक्षिक सेवा** : स्कुल पाठशाला खोल्ने कामदेखि अध्यापन गर्ने काम गर्दै आएको ।

**सामाजिक सेवा** : २०४७ सालदेखि ज्येष्ठ जनसेवामा विशेष चाख लिई काम गर्दै आएको ।

**राजनीतिक सेवा** : २००६ सालदेखि २००९ सालसम्म सक्रिय रुपले नेपाल प्रजापरिषद्मा काम गर्दै आएको ।

**साहित्यिक सेवा** : नेपाली भाषा साहित्यमा विशेष चाख लिई काम गर्दै आएको ।

**प्रकाशित कृति**

१. 'शशिकला' नेपाली झ्याउरे खण्डकाव्य (रचनाकाल २००७ साल)
२. 'कविता कुसुम' कविता संग्रह (२०११ साल)
३. 'नेपाल अधिराज्य एक परिचय' सामान्य ज्ञान (२०२१ साल)
४. 'श्रीमद्भगवद्गीताको वासुदेवीय नेपाली अनुवाद' (२०४४ साल)
५. 'महामन्त्र ॐ' खोजपूर्ण कृति (२०४७ साल)
६. 'अन्तर्यात्रा आफैंभित्र नियाल्दा' योग एवं तन्त्रसम्बन्धी (२०४८ साल)
७. 'योग (आजको आवश्यकता, अनिवार्यता र अपरिहार्यता)' (२०५० साल)
८. 'उत्तरी ध्रुवप्रदेशको यात्रा लेखन्तेको जीवनयात्रा' (२०५६ साल)
९. 'वासुदेव उपाध्याय ढकालका साहित्य सिर्जना' (२०६१ साल)

**यात्रा विवरण** 'विदेशमा पत्रकारहरु मेरो पछाडि लाग्थे' शीर्षक विश्वयात्रा विवरण (असोज २०६२ मधुपर्क संस्करणमा प्रकाशित ।)

**देशभित्र** : हालसम्म १४ अञ्चल र सोअन्तर्गत ७० जिल्लाको भ्रमण सम्पन्न ।

**देशबाहिर** : संयुक्त अधिराज्य, स्कन्दनिवियालगायत युरोपका अधिकांश देशहरु । अष्ट्रेलिया महादेशको राजधानी क्यानबेरा, सिडनी, बृसवन आदि देशहरु

**एसिया महादेशमा** : भारत प्रायः सम्पूर्ण, चीनको मानसरोवर, कैलाश र हङकङ ।

**संक्षेपमा** : पृथ्वीको उत्तरी ध्रुव प्रदेशमा पर्ने फिनल्यान्डको सुन्दर सहर रोभानियमीदेखि अष्ट्रेलियाको सुदूर दक्षिणमा पर्ने सिडनी पर्यन्तको धर्तीको उत्तर दक्षिणको लामो भूभाग र पूर्व पश्चिमको पनि हङकङदेखि अमेरिकासम्मको भ्रमण सम्पन्न गरी सिंगो पृथ्वीको झन्डै शिरदेखि पाउसम्मको यात्रा पूरा गरी चारै दिशाबाट विश्व पर्यटन गर्ने सफल हुने एक अघोषित विश्वयात्री ।

हरि : ॐ तत्सत्
२०७०।६।२३।४)

**अभिनन्दन पत्र :**

१ पञ्चकुमारी सामाजिक गुठी कामपा ३४ बानेश्वर काठमाडौंबाट मिति २०६७।३।२।६ मा सामाजिक गुठीका सभापति प्रा.डा.वासुदेव त्रिपाठीद्वारा अभिनन्दा पत्र प्राप्त ।

२. योगी नरहरिनाथ ट्रष्ट आध्यात्मिक परिषद्बाट मिति २०६७।११।२७ मा प्रमुख अतिथिमा टोपबहादुर रायमाझी मन्त्री (भौतिक योजना तथा निर्माण मन्त्रालय) द्वारा अभिनन्दन पत्र प्राप्त ।

**शोधपत्र** : वासुदेव उपाध्याय ढकाल औपमन्यवको जीवनी, व्यक्तित्व र कृतित्वको शोधपत्र । शोधार्थी : सुन्दरवाई कार्की, २०६९

**सम्मानपत्र**

२०७३ जेठ १ गते । दायित्व वाङमय प्रतिष्ठानद्वारा दायित्व वाङ्मय सम्मान प्राप्त ।

**अन्तर्राष्ट्रिय सम्मान पत्र** : विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानद्वारा भानु शिखर सम्मान २०७३ आषाढ १५ मा प्राप्त

**योग : सर्वार्थ साधनम्**

*ॐ यश्चित्त सन्ततलयः सलयः प्रविष्ठो, यस्तु प्रभञ्जनविधानरतो हठः सः ।*
*यो मन्त्रमूर्तिवशगः स तु मन्त्रयोगी यश्चित्तवृत्तिरहितः स तु राजयोगः ॥*

(अमरौघप्रबोधे गोरक्षनाथः)
गोरक्षपीठ सिद्धाचल मृगस्थली
काष्ठमण्डप गोरक्षराष्ट्र, नेपाल
फोन ४७३८८७
दिनांक : २०५९।३।१४।६

विषय : जो जससँग सम्बन्ध छ

*पृथ्वीनारायण सहचरो ज्योतिषाचार्यवर्षः*
*पृथ्वीयात्राप्रवणमहितः सत्कुलानन्दनामा ।*
*तद्वशेऽयं प्रवशति पुन र्वासुदेवो ढकालो,*
*योगाचार्योऽमरिकनगरी मेतुकामोऽवतुस्वम् ॥*

एकपटक दक्षिणी ध्रुवदेखि उत्तरी ध्रुवसम्मको पदयात्रा गरी 'उत्तरी ध्रुव प्रदेशमा पदार्पण गर्ने प्रथम नेपाली पदयात्री योगाचार्य पं. वासुदेव ढकाल विश्व पर्यटनको



सन्दर्भमा संयुक्त राज्य अमेरिका जान लागेकोले १२४ कोटिहोमबाट कोटी आशिर्वाद प्रदान गर्दै पृथ्वी कुलानन्द पदयात्राको लाभ गरुन् भन्ने शुभकामनाका साथै सकुशल प्रत्यागमन गरी मातृभूमिको मुखारविन्द सानन्द हँसिलो गर्नु हुनेछ । शिवम्

*अधिवासयतु सदा मुखमन्यकथालेपलब्ध दौर्गन्ध्यम*
*कर्पुर शकल इव नः शिव-शिव इति शीतलः शब्द ।*

नरहरेरिदमेव निवेदनम्
योगी नरहरिनाथः
मृगस्थलीस्थः
सर्बे भवन्तु सुखिनः

# आमाको मुख हेर्ने पर्व

हर्क याक्सो




हिन्दू धर्मशास्त्रले "मातृ देवो भव" भनेको पाइन्छ । अर्थात् जहाँ माताको वास हुन्छ त्यही देवताको पनि वास हुन्छ भनिएको हो । हिन्दू धर्मले आमालाई पहिलो देवता वा तीर्थको रुपमा मान्यता गरेको छ । त्यसकारण वैशाख कृष्ण औशीको दिनलाई हिन्दू धर्माबलम्बीहरुले माता तिर्थे शौशी वा आमाको मुख हेर्ने पर्वको रुपमा मान्ने गरेका छन् । त्यस दिन सबै छोराछोरीहरुले आमाको दूधको भारा चुक्ता गर्न वा आमाबाट छोराछोरी उपर गरिएको लाखौं-करोडौंको लगानीलाई चुक्ता गर्नको लागि हरेक प्रकारहरुबाट प्रयत्न र प्रयासहरु गर्दछन् । अर्थात् आमालाई मीठामीठा परिकारहरु ख्वाएर वा राम्रारामा लुगा-बस्त्रहरु टक्राएर आमाबाट आशिरवाद लिने गर्दछन् । किनकि शास्त्रहरुमा देव ऋण, पितृ ऋण र मनुष्य ऋण, आदि ऋणहरु अनिवार्य रुपमा तिर्नु पर्ने शर्तहरु उल्लेख भएका छन् । साँच्चै नै आमाले छोराछोरीको लागि ठुलो ऋण लगाएकी हुन्छिन् । सर्वप्रथम आमाले बच्चालाई भ्रुणको रुपमा दश महिना सम्म पेटमा बोकीहिडेकी हुन्छिन् भने जन्म दिएपछि पनि बच्चालाई हुर्काउन, बढाउन र पढाउनको लागि आफ्नो सर्बस्व खर्च गरेकी हुन्छिन् । बच्चाको लागि पनि आमा भन्दा ठुलो वस्तु यो संसारमा अरु केही हुदैन । त्यसकारण कुनै पनि छोराछोरीहरुबाट पितृ ऋण वा कमातृ ऋण चुकाउनु अति आवश्यक हुन्छ ।

संस्कृत वाङ्मयको एउटा नीति शास्त्रमा भनिएको छ कि "कुपुत्रो जायत क्वचिदपिः कुमाता न भवति ।" अर्थात् कुनै व्यक्ति कुपुत्र (खराब पुत्र) हुन सक्त छ, तर आमा कदापि कुमाता (खराब आमा) हुन सक्दिनन् । यस उक्तिले आमाको महिमा कत्ति ठुलो रहेछ भन्ने कुरा व्यक्त गरेको छ । त्यसकारण आमाको महिमाको बारेमा धेरै ठुला-ठुला कवि-लेखकहरुले आमाको महिमा गाउदै कैयौं कविता, काव्य र उपन्यासहरु लेखेका छन् ।

**आमाका विविध रुप र प्रकारहरुः**

धर्मशास्त्रहरुमा आमाका विविध रुप र प्रकारहरु उल्लेख भएका छन् । तिनीहरु मध्ये नेपाली समाजमा छ प्रकारका आमाहरुको श्रद्धा-भक्ति हुने गरेको छ । जस्तै–(१) जन्म दिने आमा (२) सासू आमा (३) धाई आमा (४) गुरु आमा (५) मीत आमा (६) धर्ती आमा वा जन्म भूमि ।

जन्म दिने आमाको महत्व व्यवहारिक रुपमा जति ठुलो छ त्यति नै ठुलो महत्व हाम्रा संस्कार, संस्कृति र धार्मिक मुल्य-मान्यतारुमा रहिआएको पाइन्छ । जस्तै–विद्याकी देवी "सरस्वती"लाई सरस्वती माताको रुपमा हरेक वर्ष वसन्त पन्चमीको दिन विशेष पूजा-आराधना गरी मान्दै आएका छौं । धनकी देवी "लक्ष्मी"लाई हरेक वर्ष तिहारमा लक्ष्मी पूजा गरी पुज्ने गरेका छौं । रणभूमिकी देवी "दुर्गा देवी"लाई हरेक वर्ष दशैंमा नौ-दुर्गा भवानीको रुपमा (नौ वटा देवीहरुको रुपमा) विशेष पूजा-आराधना गर्दै आएका छौं । त्यसै गरी नेपालका अधिकांस शक्ति पिठहरु मध्ये ताप्लेजुङ्गकी "पाथीभरा देवी", गोरखाकी "मनकामना देवी" काठमाण्डौंकी "दक्षिणकाली" र अछामकी "गौरा देवी" आदि, प्रशिध्द देवीहरु आमाका विविध रुपहरु हुन् ।

नेपाली धर्म, पम्परा र संस्कृतिमा पाँच प्रकारका आमाहरु मध्ये पहिलो र अन्तिम आमा वा जन्म दिने आमा र धर्ती आमाको विशेष महत्व रहेको पाइन्छ । जन्म दिने आमा र धर्ती आमा विनाको सृष्टि यो संसारमा कल्पना गर्न सकिदैन । अर्थात् जन्म दिने आमा र धर्ती आमाको अनुपस्थितिमा मानव जीवनको अस्तित्व नै रहन सक्तैन । त्यसकारण संस्कृत वाङमयमा भनिएको छ–"जननी जन्मभूमिस्चः स्वर्गादपि गरियसिः" । यसको अर्थ हो-आमा र जन्मभूमि स्वर्ग भन्दा ठुला हुन्छन् । तर सासु आमा, धाई आमा, गुरु आमा र मीत आमाहरुको बारेमा कुनै पनि धर्मले विशेष महत्व दिएको पाइन्दैन । यी आमाहरुले केवल कर्मकाण्डीय आमाको रुपमा मात्र मान्यता पाएका हुनाले यी बाँकी आमाहरु ओझेलमा परेको महशुस हुन्छ ।

जन्म भूमिको महत्वको प्रसङ्गमा पुराणमा एउटा यस्तो लोककथा उल्लेख भएको पाइन्छ । जस्तै–"स्वर्ग लोकका राजा विष्णु बैकुण्ठमा रहेका थिए । एक दिन राजा विष्णुसँग उनकी पत्नी लक्ष्मीले केही दिन माइत जान पाउँ भनी विदा मागिन् । त्यसरी नै उनका नोकरले गरुढले पनि दुई-चार दिनको लागि घरविदा मागे । सरस्वती र गरुढको यस्तो कुरा सुनेर स्वर्गका राजा विष्णु तिन छक्क परे । उनले मनमनै सोचे कि "संसारमा सबै भन्दा सुखी ठाँउ भनेर म यस स्वर्ग लोकमा बसीरहेको छु । फेरी आज किन लक्ष्मी र गरुढ आफ्नै गाँउ जान चाहान्छन् त ?" त्यसपछि विष्णुले लक्ष्मी र गरुढ दुवैलाई घर जाने विदा दिए र तिनीहरुको चियो गर्न वा पिछा गर्नको लागि एक एक जना गुप्तचरहरुलाई पठाए । लक्ष्मीको माइत क्षार सागरमा (महासागरमा) थियो । लक्ष्मी माइत पुगेपछि सर्वप्रथम महासागरमा डुबुल्की मारिन् र आफ्ना सँगीहरुसँग बालुवामा खेल्न थालिन् । उता गरुढ बृन्द्राबनमा (घना जंगलमा) पुगेर रुखका बोक्राहरु ठुङ् मार्दै आफ्ना सँगिहरुसँग सर्प खेदाउन थाल्यो । उनिहरुको पिछा गर्न गएका गुप्तचरले लक्ष्मी र गरुढको सवै कृयाकलापहरुको अवलोकन गरी स्वर्गमा फर्केर आएपछि विष्णुलाई जस्ताको त्यस्तै लक्ष्मी र गरुढको बारेमा खबर सुनायो । अतः राजा विष्णुले लक्ष्मी र गरुढको यथार्थ खबर सुनिसकेपछि यही निष्कर्ष निकाले कि "म सबै भन्दा सुखी स्थान भनी स्वर्गलोकमा बसेको छु तर जन्मभूमि भन्दा ठूलो र सुखी स्थान अर्को कुनै नहुँदो रहेछ ।"

**निष्कर्ष**

आमा सबैको लागि अनुपन र सर्बपृय बस्तु हो । तर हामी मानव जातिले पनि हाम्रो चेतनाको कमिको कारण आमाको ऋण चुकाउन सकिरहेका छैनौ । आमाले आफ्नो स्वर्वस्व दिएर हामीलाई हुर्काउछिन्, बढाउछिन् र शिक्षित नागरिक बनाउछिन् । तर हुर्की, बढी तन्देरी भईसके पछि आफ्नी आमाको योगदानलाई हामी बिर्षन थाल्छौं । आमाले भने आफू बाचुन्जेल आफ्ना सन्तानको भलो मात्र चिताइरहेकी हुन्छिन् तर छोरा-बुहारी र छोरी-ज्वाँइहरुलाई चाँहि आमा घाँडो भइसकेको हुदो रहेछ । धेरै उच्च हैसियत प्राप्त गरी सकेका व्यक्तिहरुले पनि आफ्नी आमालाई "बृद्धाश्रम"मा राख्नु यसको ज्वलन्त उदाहरण हो ।

नेपालका बृद्धाश्रमहरु अपराधी राख्ने जेल भन्दा राम्रा छैनन् । नेपालीहरुको धर्म र संस्कृति पनि बृद्धाश्रमको बास राम्रो मानिदैन । नेपाली आमाहरु त आफू बाँचुन्जेल आफ्ना सन्ततिलाई आँखा भरी-भरी मायाँ र स्नेह दिएर राख्न चाहान्छन् । आफ्नू आँखाबाट आफ्ना सन्तानहरु कहिल्यै ओझेल भएको देख्न चाँहादैनन् । तर छोरा-बुहारीहरु चाँहि फेरी किन जबरदस्त आफ्ना आमा-बाबुहरुलाई बृद्धाश्रम तर्फ खोरबाखी लाइरहेका छन् त ? यो अत्यन्तै मार्मिक कुरा हो । बृद्धाश्रमहरु नेपालको परिवेशमा अनाथलय हुन सक्तछन्, जहाँ आफूलाई हेरचाह गर्ने कुनै सन्तान नभएका बृद्ध-बृद्धाहरु रहन सक्तछन् । तर ती बृद्धाश्रमहरु साधन र स्रोत सम्मन्न एवं व्यवस्थित हुन जरुरी छ । यसको लागि सरकारी स्तरवाटै उचित व्यवस्था हुनु नितान्त आवश्यक देखिन्छ ।

## मजदुर...

सफल भएको स्मरणमा विश्वभर मजदुर दिवस मनाइन्छ। १७ औं शताब्दीमा भएको संघर्षले मजदुरहरुले यो अधिकार प्राप्त गरेका थिए । सन् १८८९ मा फ्रान्सको राजधानी पेरिसमा सम्पन्न विश्वका श्रम संगठन एवम् श्रमिक नेताहरुको बैठकले विश्व श्रमिक दिवस विश्वभर मनाउने निर्णय गरेको थियो । त्यसपछि सन् १८९० देखि हरेक वर्ष मे १ मा संसारभर मजदुर दिवस मनाउने गरिन्छ ।

नेपालमा विराटनगरमा २००७ सालमा मजदुर आन्दोलनसँगै यो दिवस मनाउन थालिएको थियो । तर २०६४ सालदेखि अन्तर्राष्ट्रिय मजदुर दिवसको दिन सरकारले आधिकारिक रुपमा सार्वजनिक विदा दिन थालेको हो । विभिन्न राजनीतिक दलहरुमा आबद्ध ट्रेड युनियन, संघसंगठनहरुले पनि आआफ्नो ढंगले कार्यक्रमको आयोजना गरी मजदुर दिवस मनाएका छन् ।

## ऐक्यबद्धता...

संरचना गर्दै पत्रकारहरुको न्यनूतम पारिश्रमिक पूर्णरूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिए । नेपाल प्रेस युनियनका अध्यक्ष बद्री सिग्देल, आदिवासी जनजाति पत्रकार महासंघका अध्यक्ष दण्ड गुरूङलागतयले पछिल्लो समयमा प्रेसमाथि आक्रमण बढ्दै गएको भन्दै प्रेस स्वतन्त्रता कायम गर्नुपर्ने माग गरे ।

## जेलिन्स्की...

आर्थिक प्रणालीसँग मानिसको असन्तुष्टि चुलिँदो छ । पुँजीवादको उदारवादी चरणले यस्तो भय सिर्जना गरेको छ कि हरेक मान्छेको जीवन अस्थिर र अनिश्चित बनेको छ । हरेक देशका जनताले जहिले पनि विकास र समृद्धिको चाहना पालेका हुन्छन् । यस चाहनाले परिवर्तनलाई अवश्यंभावी बनाउँछ। अमेरिका जस्तो महाशक्ति राष्ट्रमा मेक अगेन अमेरिका राष्ट्रवादी नारा घन्काउँदै लोभलाग्दो लोकप्रिय मत पाएकी हिलारी क्लिन्टनलाई व्यापारिक पृष्ठभूमिका डोनाल्ड ट्रम्पले साइड लगाइदिए । राजनीतिमा आएको केही वर्षमै इमान्युयल म्याक्रोले फ्रान्समा खाइपाइ आएका परम्परागत दलहरुलाई धुलो चटाइदिए । वंश राजनीतिको विरासत थाम्ने प्रयासलाई थुप्रै देशमा जनताले खारेज गरिदिएका चाखलाग्दा उदाहरणहरु छन् । पाकिस्तानी सत्तामा पूर्व क्रिकेटर इमरान खानको आगमन पनि परम्परागत दलहरुसँगको त्यहाँका जनताको असन्तुष्टि बुझ्न सकिन्छ ।

युक्रेनी जनताले त्यस्ता व्यक्तिलाई सत्ताको नेतृत्वमा पुऱ्याइदिए जसलाई राजनीतिको त्यति बलियो ज्ञान थिएन । जेलिन्स्कीमा न त कूटनीतिक ज्ञान नै देखिएको थियो । उनी हास्यक्षेत्रका उम्दा कलाकार थिए जो आप्नो कलाकारितामा राष्ट्रपति भएको अभिनय गर्थे । उनले कानुन पढेका थिए, कलाकारितामा आउनुअघि उनी कानुन व्यवसायी बन्न चाहन्थे । 'खुदा देते है तो छप्पर फारके' उनी त राष्ट्र प्रमुख पो भइदिए । चुनाव परिणामपछि युक्रेनी जनतामा राजनीतिज्ञप्रतिको आक्रोशको लेखाजोखा सुरु भइसकेको छ । युक्रेनको नतिजाले अर्को सन्देश पनि दिएको छ जब नेताले जनताको विश्वास गुमाउँछन् उनीहरु यति क्रुद्ध हुन्छन् कि उठनै नसक्ने गरी नेताहरुलाई जमिनमा बजारिदिन्छन् । युक्रेनका नागरिकले एक से एक राजनीतिज्ञलाई किनारा लगाउँदै जेलिन्स्की जस्ता कमेडियनलाई महत्व दिनुको अर्थ हो- युक्रेनमा व्याप्त गरिबी, बेरोजगारी र भ्रष्टाचार ।

सन् २०१६ मा संयुक्त राष्ट्र विकास कार्यक्रम (युएनडीपी) ले जारी गरेको एक रिपोर्टअनुसार युक्रेन युरोपकै सबैभन्दा गरिब मुलुकमध्ये एक हो । यहाँका ६० प्रतिशत जनता गरिबीका रेखामुनि छन् । गरिब झन् गरिब हुने र धनी अर्बपति बन्ने क्रम ह्वात्तै बढेको छ । सन् २०१७ मा देशकै सबैभन्दा १०० धनीहरुको संयुक्त सम्पत्ति एक वर्षमै बढेर ३७ अर्ब डलरसम्म पुगेको थियो । विगत पाँच वर्षमा युक्रेनमा ३२ लाख जनता रोजगारीका लागि विदेशिनु पऱ्यो । देशका १० मध्ये एक युक्रेनी देश छोडेर भाग्न चाहन्छन् । जहाँ गरिबी छ, रोजगारी छैन, नागरिकको सुरक्षाको प्रत्याभूति हुँदैन, सुशासन कमजोर हुन्छ र आर्थिक मितव्ययिताको पालना गरिन्न, गरिन्छ भ्रष्टाचार र आर्थिक अनियमितता, जनतामा घोर निराशा छाउँछ नै ।

सोभियत संघ विघटनको झन्डै २८ वर्षसम्म अन्य पूर्व सोभियत देशको तुलनामा युक्रेन आफ्ना कार्यकारी प्रमुख फेर्ने मामलामा अघि छ । यसले युक्रेनी जनतालाई खुसी पार्न निकै गाह्रो छ भन्ने देखाउँछ । जेलिन्स्कीको जितले युक्रेनी जनता कुनै पनि प्रकारको निरंकुशता चाहँदैनन् भन्ने पनि देखाउँछ । जसले शक्तिशाली रुस र नेटो पक्षधर युरोपेली देशबाट घेरिएको युक्रेनलाई आफ्नो भूरणनीतिक महत्व प्रमाणित गर्न चुनौती दिन्छ । निवर्तमान राष्ट्रपति पोरोसेन्कोले पश्चिमासँगको गठबन्धन सैन्य शक्ति वृद्धि, रुसी अर्थोडिक्स चर्चबाट धार्मिक स्वतन्त्रता, युक्रेनी भाषाको प्रबर्द्धन गरिबलाई सहयोग गर्ने चुनावी एजेन्डा अघि सारेका थिए । पुनः राष्ट्रपति बन्ने उनको महत्वकांक्षालाई जेलिन्स्कीले हाँसोमा उडाइदिए । राष्ट्रपतिले टिभी स्टुडियोमा बहस गर्न चाहे पनि जेलिन्स्कीले खुला रंगशालामा बहस गर्न बाध्य पारे । 'म तिम्रो प्रतिस्पर्धी होइन । फैसला हुँ, दशौं हजार जनता उपस्थित किमको फुटबल रंगशालामा जेलिन्स्कीले भनेका थिए । फैसला अन्ततः ७३ दशमलव २२ प्रतिशतले जेलिन्स्कीको पक्षमा गयो । जेलिन्स्कीको जित 'सर्भेन्ट अफ पिपुल्स' ले गरेको प्रतिबद्धताको जित हो ।

जेलिन्स्कीले गरेको महत्वपूर्ण प्रतिबद्धता हो- देशका गम्भीर मुद्दामा जनमतसंग्रह र साना मुद्दामा सामाजिक नेटवर्कमार्फत सल्लाह लिएर निर्णय गरिनेछ भन्ने हो । सन् २०१३ अघि नै युक्रेनको अवस्था खराब हुँदै जान थालेको थियो । रुसप्रति नरम भावना राख्ने राष्ट्रपति भिक्टर यानुकोभिचको शासन जनताले रुचाएनन्, भिक्टरप्रतिको अरुचि बढ्दै गर्दा रुसले क्रिमियामा सेना पठाएर कब्जा मात्रै गरेन, जनमत संग्रह मार्फत आफूमा गाभ्यो पनि । यसले यानुकोभिचको शिर झुकाइदियो । सर्वसाधारण जनता आक्रोशित भए । रुसविरुद्ध हरेक दिन आन्दोलन चर्कन थाल्यो । भिक्टरले जनअसन्तोषलाई साम्य पार्न सकेनन्, उनले राष्ट्रपति पदबाटै हात हुनुपऱ्यो । असन्तोष माझ उद्यमी अर्बपति पोत्रो पेरोसेन्को उदाए । उनले रुस विरोधी भावनालाई मलजल गरेर भिक्टरका गलत क्रियाकलापलाई सपार्ने सपना देखाए । उनले रुससँगको सम्बन्ध कडा पार्ने, शक्तिशाली कुलित वर्गको पहुँच खुकुल्याउने र स्वतन्त्रतापूर्वक सरकार चलाउने, भ्रष्टाचारविरुद्ध कडा कदम चाल्ने वाचा गरे । पेत्रोले देखाएको सपनालाई जनताले विश्वास गरे पेत्रो आफैं बियर फ्याक्ट्रीका अर्बपति मालिक भएकाले भ्रष्टाचार नगर्लान् भन्ने जनअपेक्षा थियो । पेत्रोले चुनाव मुखैमा रहँदा धनीहरु विरुद्ध खरो आलोचना गरे, उनीमाथि जनताको विश्वास बढ्यो । तर जब उनले सत्ता सम्हाले, ७ वर्षे शासनकालमा परिस्थिति सुध्रिएन बरु झन् बिग्रियो । उनले रुसको तनाव पनि कम गर्न सकेनन्, कुलितहरुको दबदबालाई नै न त कम गर्न सके । भ्रष्टाचार न्यूनीकरण भएन झन् ठूलठूला भ्रष्टाचारका काण्डहरु सार्वजनिक भए । रक्षा संयन्त्रका लागि हतियार खरिद प्रकरणमा ठूलो भ्रष्टाचार भएको र यसमा राष्ट्रिय सुरक्षा उपप्रमुख ह्यादकोवस्की र राष्ट्रपतिको संलग्नता रहेको समाचार मिडियाहरुले खुलासा गरे । न्यायपालिकामा समेत ठूला धाँधली भएका विवरण सतहमा आए । भ्रष्टाचार आरोप लागेकालाई समेत न्यायाधीश बनाएपछि न्यायालय चोखो रहने कुरा आएन । इमानदार न्यायाधीश तथा चर्चित मानवाधिकार कार्यकर्ता पार्क होमेन्कोलाई प्रधानन्यायाधीश नबनाइएपछि जनताको आक्रोश चुलियो ।

४१ वर्षीय जेलेन्स्की आफैं एक करोडपति व्यक्ति हुन् । उनी यहुदी हुन् साथै रुसी भाषा राम्रो बोल्छन् । राजनीतिज्ञ र पूरै प्रणालीप्रति सर्वसाधारणलाई यति धेरै वितृष्णा थियो कि यस्तो अवस्थामा उनीहरुले बेदाग र गैरराजनीतिक व्यक्तिलाई फेला पारे । त्यही घृणा र अविश्वासविरुद्ध जेलेन्स्कीलाई जनताले मत दिए । चुनाव जितेपछि जेलेन्स्कीले भनेका छन्- युक्रेनी जनतामा संसारलाई चकित पार्ने इच्छाशक्ति छ र अहिले त्यो प्रतिबिम्बित भएको छ । सत्ता सञ्चालनमा पनि त्यो देखिनेछ ।

नेपालका राजनीतिक दल, तिनको नेतृत्वले पनि युक्रेनको राष्ट्रपति निर्वाचनको परिणामलाई गम्भीरताका साथ लिन सकेनन् भने आगामी दिनमा उनीहरुकै लागि घातक हुन सक्छ । नेपालमा भ्रष्टाचार संघ प्रदेश र स्थानीय तीनवटै निकायमा संस्थागत बनेको छ । सिंहदरबारको अधिकार गाउँगाउँमा भनियो तर सिंहदरबारको भ्रष्टाचार पनि गाउँगाउँमै पुग्यो । निर्वाचित जनप्रतिनिधिहरुको विलासी जीवनशैलीले विकास र निर्माणका चुनावी प्रतिबद्धतालाई खुइल्याइरहेको छ । आर्थिक मितव्ययिता र सुशासनको अवस्था टिठलाग्दो बनिरहेको छ । दुईतिहाई बहुमतको बलशाली नेकपाको सरकारले जनआकांक्षालाई सम्बोधन गर्न सकेको छैन । जनता सधैं नेकपाको पक्षमा रहिरहँदैनन् । नेपाली जनताले पनि परम्परागत राजनीतिक दलहरुको विकल्प अवश्य खोज्नेछन् ।

## लाखौं...

संभावना टड्कारो बनिसकेको छ । राष्ट्रियताका लागि हुने अबको युद्ध नागरिकता युद्ध बाहेक केहि होईन । यसका मतियार विदेशी भगौडाहरूलाई एक एक गरेर समाप्त नपारि नेपाल रहन्न । यो षडयन्त्रको भण्डाफोरलाई अभियानका रूपमा आम नेपालपीहरूका बिचमा लैजाऔ ! राजनीतिक दलालहरूका रक्षा कवचहरू चिनौं !

नेपाललाई समाप्तै पार्ने गरी अघि बढेको नागरिकता विधेयकबारे ठूला मिडिया हाउसहरूले देशप्रति चपन्ता देखाएर समाचार प्रकाशित गरेको कतै पढ्नु भएको छ ? लैंगिक समानताको नेतृ हुँ भनेर एनजिओहरूको काट्टो खाएर वर्वराउँदै हिंड्ने कुनै लम्पट आईमाईले विदेशी जनसंख्या अतिक्रमणका बारेमा कहिल्यै आवाज उठाएको सुन्नु भएको छ ।

राजनीतिक वृत्तका दलाल अपराधिहरूको संरक्षणमा साम्राज्यवादले प्रयोग गरेका मूख्य तप्का यिनै २ वटा छन् । ठूला मिडिया हाउस, त्यसका प्रधान सम्पादक र कथित बरिष्ठ स्तम्भ लेखकहरू विदेशी जासुसहरू हुन् । यि अपराधिहरूको जोड नागरिकता प्रकरणलाई नेपालको भयानक समस्याका रूपमा चित्रण गर्ने र विदेशीहरूको डिजाईननलाई लुकाउने रहेको छ ।

यिनीहरू नेपालका शत्रु हुन् । देशलाई अन्त्यहिन धरापमा फसाउने योजनालाई छाकछोप गर्ने र समस्यालाई अतिरञ्जनापूर्ण किसिमले प्रचार गर्ने अपराधिहरूप्रतिको उदारताले देश मासिन सक्ने खतरा बढ्दो छ । यिनीहरूको नाम किटान गरेर अब यिनीहरूको अपराधि चेहरा सडकमा ल्याउन जरूरी छ ।

एनजिओको पैसाले दरबार जोडेर बसेका केहि केहि स्खलित तथा लम्पट आईमाईहरूलाई ढालका रूपमा अघि सारेर विदेशीहरूको नेपाल विरूद्ध प्रयोग गरिरहेका छन् । यिनीहरूको उद्देश्य महिलाहरूलाई सामन्तवादी समाजको एउटा पुरूषको वस्तुका रूपबाट मुक्त बनाउनु होईन । यिनीहरूको उद्देश्य हो( एउटा व्यक्तिको वस्तुका रूपबाट निकालेर नेपाली महिलाहरूलाई सबैको वस्तु बनाउनु ।

यी बद्नामहरूले नेपाली महिलालाई बजारका बेश्या र विदेशी जन्माउने कारखाना बनाउन खोजिरहेका छन् । कुमारी आमा बन्न पाउनु पर्ने र लिभिङ दुगेदरको अधिकार हुनु पर्ने यिनीहरूको माग, बाबुको ठेगान नभएका सन्तानलाई बंशजको नागरिकता दिनु पर्ने माग यसै दिशामा लक्षित छन् । यिनीहरूको अर्को उद्देश्य हो, महिला केन्द्रित नेपाली समाज र संस्कृतिलाई ध्वस्त बनाउनु । यस्ता विदेशी प्यादाहरूको हौवामा खुम्चिएर देश मार्ने गल्ति नगरौं ! देशको अस्तित्वका अगाडि कुनै पत्रकार वा महिलाको देश विरोधि बकबास ठूलो हुनु हुँदैन । यस्ता कलसषित पात्रहरूलाई अगाडि सारेर विदेशीहरूले नेपाली मनोविज्ञानलाई दबाउने कोशिस गरिरहेका छन् ।

### के छ साम्राज्यवादीहरूको नागरिकता संसोधन विधेयकमा ?

यि देशमाराहरूप्रति उदारता देखाउने व्यक्ति पनि देशद्रोहि हो, यस्तो ऐन बनाउन खोज्नेहरू विदेशी हुन्, कुनै भ्रममा नपरौं !

(२०६५ साल मंसिर १० गतेभित्र जन्मको नागरिकता पाएका आमा बाबुबाट जन्मेका सन्तालने वंशजको नागरिकता पाउने, नेपाली नागरिकता लिएका विदेशीहरू राष्ट्रपति र प्रधानमन्त्रि बन्न पाउने, विदेशि नागरिकता लिएका नेपाली मूलका मानिसहरूले नेपाली सरह सबै अधिकार पाउने, आमा नेपाली र बाबु विदेशीबाट जन्मेका सन्तानलाई सामान्य प्रकृयाबाट अंगिकृत नागरिकता दिने तर्थात् नेपाली नागरिकता लिईसकेपछि विदेशीसंग विवाह गरेकि महिलाबाट जन्मनेहरूले आमाको पहिलेको नागरिकताका आधारमा नेपाली नागरिकता पाउने, आमाबाबुको पत्तो नभएका तर नेपाली भूमिभित्र भेटिएका जो कोहीले पनि नेपाली नागरिकता पाउने ।

## कागजमा...

हस्ताक्षर भइसकेपछि नेपाल र चीनबीचमा यातायात तथा पारवहन सम्झौता कार्यान्वयनमा आएको छ । यसले नेपाललाई भारतीय भूमि नछोइकन समुद्रसम्मको पहुँच स्थापित गराएको छ । सत्र बुँदे प्रोटोकलमा नेपाल र चीनबीच ६ नाकाबाट व्यापार हुने उल्लेख गरिएको छ । जसमा तातोपानी, केरुङ, किमाथांका, कोराला, यारी र ओलाङगुङगोला नाका छन् । यीमध्ये ओलाङगुङगोला, किमाथांका र कोरालाचाहिँ औपचारिक रुपमा खुल्न बाँकी छन् । हस्ताक्षरित प्रोटोकलमा हस्ताक्षर भएपछि भारतीय भूमि नछोइकन नेपालको समुद्रसम्म पहुँच स्थापना भएको छ । सन् १९८२ मा जारी संयुक्त राष्ट्रसंघीय सामुद्रिक कानुनसम्बन्धी महासन्धिले भूपरिवेष्टित मुलुकहरुको पनि समुद्रसम्म पहुँच पुऱ्याएको थियो । तर यस प्रकारको पहुँचलाई उपभोग गर्नका लागि जुन मुलुकको जमिन हुँदै समुद्रसम्म जानुपर्ने हो सो मुलुकसँग यातायात तथा पारवहन सम्झौता गर्न अनिवार्य थियो ।

प्रोटोकलमा हस्ताक्षर भइसकेपछि नेपाल र चीनबीचमा यातायात तथा पारवहन सम्झौता कार्यान्वयनमा आएको छ । यसले नेपाललाई भारतीय भूमि नछोइकन समुद्रसम्मको पहुँच स्थापित गराएको छ । सत्र बुँदे प्रोटोकलमा नेपाल र चीनबीच ६ नाकाबाट व्यापार हुने उल्लेख गरिएको छ ।

चीनले नेपाललाई प्रदान गरेको सहयोग प्रदानसम्बन्धी अर्को सम्झौतामा पनि सोमबारै हस्ताक्षर भएको छ । सो सम्झौता अनुसार नेपालमा थप चिनियाँ सहयोगका परियोजना तथा पुनर्निर्माणमा नेपालले थप सहयोग पाउने भएको छ । सम्झौतामा नेपालको तर्फबाट परराष्ट्रमन्त्री ज्ञवालीले हस्ताक्षर गरेका छन् भने चीनको तर्फबाट वाणिज्यमन्त्री चोङ शानले हस्ताक्षर गरेका छन् । चीनले नेपाललाई विभिन्न परियोजनामा आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको छ । सम्झौता अनुसार चीनले नेपाललाई एक अर्ब चिनियाँ युआन अर्थात् १६ अर्ब ५० करोड रुपैयाँको हाराहारीमा सहयोग प्रदान गर्नेछ । चीनले प्रदान गर्दै आएको यस प्रकारको सहयोगमा भूकम्पपछि ठूलो मात्रामा बढोत्तरी हुँदै आएको छ । केही दिन अगाडि मात्र नेपाल सरकारको मन्त्री परिषदले चिनियाँ सहयोग स्वीकार गर्ने निर्णय गरेको छ ।

सम्झौतामा नेपाल र चीनबीच आर्थिक तथा प्राविधिक सहयोग रहेको छ । यस सम्झौतामा नेपालको तर्फबाट अर्थमन्त्रालयका राजस्व सचिव लालशंकर घिमिरेले हस्ताक्षर गरेका छन् भने चीनको तर्फबाट चिनियाँ अन्तर्राष्ट्रिय विकास सहयोग एजेन्सीका अध्यक्ष वाङ सिआयोथावोले हस्ताक्षर गरेका छन् ।

त्यसैगरी सम्झौतामा नेपालको हिमाली क्षेत्रमा बसोबास गर्ने नागरिकको जीवनस्तर सुधार्नका लागि सहयोगात्मक साझेदारीलाई सशक्त बनाउने कुरा उल्लेख छ । विशेष गरी चीनको स्वायत्त प्रदेश तिब्बतसँग सीमा जोडिएका नेपालका जिल्लाहरुमा चीनले अस्पताल, विद्यालय, सुरक्षा संयन्त्र, कृषि, विद्युत, सौर्य उर्जा जस्ता कुरामा सहयोग पुऱ्याउँदै आएको छ । यो सहयोगलाई अझै सशक्त बनाउनका लागि नयाँ सम्झौता भएको हो । यस सम्झौतामा पनि नेपालको तर्फबाट अर्थमन्त्रालयका राजस्व सचिव लालशंकर घिमिरेले हस्ताक्षर गरेका छन् भने चीनको तर्फबाट चिनियाँ अन्तर्राष्ट्रिय विकास सहयोग एजेन्सीका अध्यक्ष वाङ सिआयोथावोले हस्ताक्षर गरेका छन् ।

दुई देशबीचको भन्सार व्यवस्थामा आपसी सहयोग गर्नका लागि अर्को सम्झौता पनि भएको छ । यस सम्झौतामा नेपालको तर्फबाट अर्थमन्त्रालयका राजस्व सचिव लालशंकर घिमिरेले हस्ताक्षर गरेका छन् भने चीनको तर्फबाट नेपालका लागि चिनियाँ राजदूत हौ यान्छीले हस्ताक्षर गरेकी छन् ।

नेपाल नापतौल तथा गुणस्तर विभाग र चीनको गुणस्तर प्रशासनबीचमा आपसी सहकार्यका लागि समझदारीपत्रमा हस्ताक्षर भएको छ । सो समझदारीपत्रमा नेपालको चर्फबाट चीनका लागि नेपाली राजदूत लीलामणि पौड्यालले हस्ताक्षर गरेका छन् भने चीनको तर्फबाट नेपालका लागि चिनियाँ राजदूत हौ यान्छीले हस्ताक्षर गरेकी छन् ।

सांस्कृतिक सम्पदाको अवैध आयातनिर्यात, चोरी, तस्करी लगायतका कुराहरुलाई रोक्नका लागि पनि चीन र नेपालबीचमा नयाँ सम्झौता भएको छ । यो सम्झौतामा नेपालको तर्फबाट चीनका लागि नेपाली राजदूत लीलामणि पौड्यालले हस्ताक्षर गरेका छन् भने चीनको तर्फबाट चिनियाँ राष्ट्रिय सांस्कृतिक सम्पदा प्रशासनका प्रशासक लिउ युचुले हस्ताक्षर गरेका छन् ।

## बढ्यो...

अहिलेको सर्वेक्षणले निर्वाह कृषिलाई रोजगार मानेको छैन । अघिल्लो सर्वेक्षणमा आफ्नै उपभोगका लागि खेतीपाती, पशुपालन तथा पारिवारिक उपयोगका लागि वस्तु उत्पादन कार्यमा संलग्न व्यक्तिलाई पनि रोजगारमा गणना गरिएको थियो ।

तथ्यांक विभागका अनुसार श्रमशक्तिभन्दा बाहिरको संख्या १ करोड २७ लाख ५० हजार रहेको छ । त्यसमध्ये ८५ लाख महिला र ४२ लाख ५० हजार पुरुष रहेका छन् । ७० लाख ८६ हजार रोजगारीमध्ये २५ लाख ४० हजार महिला र ४४ लाख ४६ हजार पुरुष छन् ।

रोजगारीमा रहेकाको औसत मासिक तलब १७,८०० अहिले स्वदेशमै रोजगारी गर्नेहरूले मासिक तलब करिब १७ हजार ८०९ रुपैयाँ मात्र रहेको छ । आफ्नै जन्मभूमिमा बसेर समान काम गर्ने महिला र पुरुषको पारिश्रमिकमा पनि विभेद रहेको पाइएको छ । विभागले सार्वजनिक गरेको श्रमशक्ति सर्वेक्षणअनुसार एउटै काममा पनि पुरुषभन्दा महिलाले ५ हजार ८३४ रुपैयाँ कम पारिश्रमिक पाउँछन् । यो पुरुषको तुलनामा ३० प्रतिशत कम हो । पुरुषले मासिक तलब १९ हजार ४६४ रुपैयाँ पाउँदा सोही किसिमको काम गर्ने महिलाले जम्मा १३ हजार ६३० रुपैयाँ पारिश्रमिक पाउँछन् ।

मुलुकमा १५ वर्षभन्दा बढी उमेरका २ करोड ७ लाख ४४ हजार जनसंख्या छ । जसमध्ये ७९ लाख ९४ हजारको संख्यामा श्रमशक्ति बजारमा उपलब्ध छ । यीमध्ये करिब ४३ लाख वैदेशिक रोजगारीमा रहेका छन् ।

विभागको सर्वेक्षणअनुसार अहिले औपचारिक क्षेत्रमा काम गर्ने ३७ दशमलव ८ प्रतिशत मात्रै छन् । यसले अधिकांश श्रमिकको अवस्था नाजुक रहेको देखाउँछ । यसैगरी, मुलुकको ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना निकै न्यून छ । स्वदेशमा उपलब्ध रोजगारमध्ये सहरी क्षेत्रका ४९ लाख रोजगारीमा छन् भने ग्रामीण क्षेत्रका जम्मा २१ लाख ८५ हजार मात्र रोजगारीमा छन् । जसमध्ये कृषि, वन र माछापालन, थोक तथा खुद्रा, चारपांग्रे मोटर र दुईपांग्रे मोटरसाइकल, उद्योग, निर्माण क्षेत्रमा बढी कामदार कार्यरत छन् । कृषि, वन र माछापालन जस्ता क्षेत्रमा २१ दशमलव ५ प्रतिशतले काम गरिरहेका छन् ।

यसैगरी, थोक तथा खुद्रा सामान बिक्रीमा १७ दशमलव ५ प्रतिशत र चारपांग्रे मोटर तथा मोटरसाइकल मर्मत सम्भारमा १५ दशमलव १ प्रतिशतले काम गरिरहेका छन् । त्यसैगरी, उद्योग क्षेत्रमा १३ दशमलव ८ र निर्माण क्षेत्रमा ७ दशमलव ९ प्रतिशतले काम गरिरहेको सो सर्वेक्षणले देखाएको छ ।

विभागले अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) को सहयोगमा सन् २०१७ जुलाईदेखि २०१८ जुलाईसम्म कुल १८ हजार घरपरिवारमा अध्ययन गरेको थियो । सोही अध्ययनको आधारमा श्रमशक्ति सर्वेक्षण गरिएको विभागले जनाएको छ । यसैगरी, रोजगारीमा रहेको जनसंख्या, बेरोजगारी जनसंख्या र श्रमशक्तिभन्दा बाहिर रहेको जनसंख्याका आधारमा अध्ययन गरी सो विश्लेषण गरिएको थियो ।

केही अर्थविद्ले भने विभागको यस सर्वेक्षणले पनि अझै श्रमबजारको वास्तविक अध्ययन गर्न नसकेको दाबी गरेका छन् । उनीहरूले बेरोजगार दर कम देखाउने हिसाबले मात्र अध्ययन भएको देखिएकाले अझै सरकारले वास्तविक तथ्यांक लिन नसकेको तर्क गरेका छन् ।

## १५ अर्बको...

मन्त्रालयहरूले बजेट तथा वार्षिक विकासे कार्यक्रम र त्रिवर्षीय मध्यकालीन खर्च संरचना तर्जुमा सम्बन्धी मार्गदर्शन,२०७५मा उल्लेख भए बमोजिम गर्नुपर्ने छ । मार्गदर्शनले अनुसारबजेट तर्जुमा गर्दा सार्वजनिक निर्माण तथा सेवा खरिद गर्दा १५ प्रतिशतसम्म बढी मूल्य भएपनि स्वदेशी वस्तु तथा सेवा खरिद गर्ने गरी खर्चको अनुमान गरी बजेट प्रस्ताव गर्नु पर्ने छ ।

बहु वर्षीय कार्यक्रमरआयोजनाको बजेट तर्जुमा गर्दा मध्यकालीन खर्च संरचनाको आधारमा सार्वजनिक खरिदको गुरु योजना स्वीकृत गरी सोको वार्षिक खरिद योजना अनुसार बजेट प्रस्ताव गर्नुपर्नेछ । बजेट तथा कार्यक्रमको मस्यौदा मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबीआईएस) मा वार्षिक विकास कार्यक्रम, प्रतिफल सूचक, खरिद योजन समेत प्रवृष्ट गर्नुपर्नेछ ।

आगामी आवको बजेट १५ औं योजना (२०७६/७७-२०८०/८१) को आधारपत्र उल्लेख गरिएको सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति तथा वर्तमान सरकारको प्राथमिकतामा आधारित हुनेछ । आयोगले समष्टिगत तथा विषयगत नतिजा हासिल हुने योजनालाई बजेटमा प्राथमिकता दिनेछ ।

राष्ट्रिय गौरव र उच्च प्राथमिकताका प्राप्त राष्ट्रिय महत्वका आयोजनालाई बजेट सीमा उपलब्ध गराउँदा न्यूनतम बजेट खर्च गर्नेगरी बनाउने तयारी सरकारले गरेको छ ।

अर्थ मन्त्रालयले स्रोत सुनिश्चिता दिइ बहुवर्षीय ठेक्कामा गएका आयोजनाको लागि मध्यकालीन संरचनामा भएको व्यवस्था अनुरुप अनिवार्य रुपमा पर्याप्त रकम प्रस्ताव गर्ने गरेको छ ।

## गैरकानुनी...

२०५४ सालमा आयोग गठन गरी जिल्लाजिल्लामा टोली खटाएर वितरण गरिएका नागरिकता गैरकानुनी भएको भन्दै सर्वोच्चले २०५८ सालमा रद्द गर्ने फैसला गरेको थियो । फैसला कार्यान्वयन नभएको भन्दै पाँच दिनअघि प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणा र पुरुषोत्तम भण्डारीको पूर्ण इजलासले नागरिकता वितरणमा रोक लगाउन पुनः आदेश जारी गरेपछि प्रशासनले टोलीमार्फत वितरित नागरिकता रद्द गर्न थालेको हो ।

रद्द गरिएका नागरिकताबारे आवश्यक सोधपुछ र प्रमाणका आधारमा पुनः कायम गरी सम्बन्धित व्यक्तिलाई दिइएको जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत ज्योतिराज अर्यालले जानकारी दिए । तत्कालीन समयमा जिल्ला प्रशासन कार्यालयले टोली बनाएर नागरिकता वितरण गरेको थियो। टोलीमा कर्मचारी अपुग भएपछि जिल्ला प्रशासनले नागरिकता जारी गर्न प्रधानाध्यापक, शिक्षा अधिकारीलगायत सरकारी कार्यालयका अधिकृतलाई खटाएको थियो । प्रमुख जिल्ला अधिकारी र प्रशासनका अन्य अधिकृतबाहेकले जारी गरेका नागरिकता रद्द गरी नयाँ कायम गरिएको अर्यालले बताए ।

यसैगरी सुदूरपूर्वी जिल्ला झापामा पनि गैरनेपालीहरुले नागरिकता हात पारेका समाचार बाहिर आएका छन् । भारतीय प्रान्त बिहार र पश्चिम बंगालसँग जोडिएको झापामा त्यहाँका भारतीय नागरिकहरु समेत झूटा विवरण पेस गरी नेपाली नागरिकता लिएको बताइएको छ । आसाम, मणिपुरलगायत पूर्वोत्तर भारतीय राज्यहरुमा नेपाली भाषीहरुको बाक्लो बसोबास छ । यसका अतिरिक्त सिक्किममा पनि प्रशस्त नेपालीहरु रहेका छन् । त्यहाँ बसोबास गर्ने भारतीय नेपाली भाषीहरुले समेत नेपालमा झूटा आफन्त खडा गरी नागरिकता लिएको समाचार छ । समाचार अनुसार केही जन्मसिद्ध नेपाली नागरिकता प्राप्त व्यक्तिहरुले भारतीय नेपाली भाषीलाई वंशजको नागरिकता दिलाएको प्रमाण फेला परेपछि केही व्यक्ति प्रहरीको हिरासतमा परेका छन् । कतिपयले नेपाली भाषी भारतीयहरुले नेपाली नागरिकता पाएकोमा यसलाई समाचार नबनाउने धारणा पनि सार्वजनिक गरिरहेका छन् । उनीहरुको भनाइ छ आप्रवासी भारतीयहरुले वंशजका आधारमा धमाधम नागरिकता लिइरहेका छन् भने नेपाली भाषी भारतीयहरुले नागरिकता पाएकोमा गुनासो किन ?

## कस्मिरमा...

र जम्मू कश्मिरको एक सिटमा मतदान भएको हो । चौथो चरणको यो निर्वाचनमा सबैभन्दा बढी पश्चिम बंगालका जनताले मतदानमा भाग लिएका छन् । पश्चिम बंगालमा ७६.१४ प्रतिशत मतदाताले मतदानमा भाग दिएका छन् । सबैभन्दा कम जम्मू-काश्मीरमा ९.९८ प्रतिशत मतदाताले मात्रै मतदानमा भाग लिए ।

सन् २०१६ देखि निरन्तर अशान्त रहँदै आएको जम्मू-कश्मीरमा यसअघि पनि ठूलो संख्यामा जनताले मतदान बहिस्कार गर्दै आएका थिए । यसपटकको निर्वाचनमा पनि अति कम मतदाताले मात्रै मतदानमा भाग लिएका छन् भने बहुसंख्यक जनताको रुची यो निर्वाचनमा देखिएन । अन्य राज्यमा भने उत्साहजनक रुपमा निर्वाचन सम्पन्न भएको छ । बिहारमा ५३.६७ प्रतिशत, मध्य प्रदेशमा ६४.५३ प्रतिशत, महाराष्ट्रमा ४९.६४ प्रतिशत, उडिसामा ६३.५७ प्रतिशत, राजस्थानमा ६२.२७ प्रतिशत, उत्तर प्रदेशमा ५२.०५ प्रतिशत, पश्चित बंगालमा ७६.१४ प्रतिशत र झारखण्डमा ६०.५५ प्रतिशत मतदान भएको छ ।

चौथो चरणको निर्वाचन भएका ९ राज्यका ७१ सिटमा १२ करोड ७९ लाख मतदाता रहेका र उनीहरुले ९४५ जना उम्मेदवारको भाग्यको फैसला गर्ने निर्वाचन आयोगले जनाएको छ ।

यस चुनावमा बिहारको बेगुसराय निर्वाचन क्षेत्र निकै चर्चामा छ । जहाँ भारतीय कम्युनिस्ट पार्टीका तर्फबाट युवानेता एवं प्रखर वक्ता कन्हैया कुमार र भारतीय केन्द्रीय मन्त्री गिरिराज सिंह तथा आरजेडीका तनवीर हस्सनबीच प्रतिस्पर्धा छ ।

यसअघि अप्रिल २३ मा भएको तेस्रो चरणको चुनावमा १४ राज्य र एउटा केन्द्र शासित राज्यमा गरी १ सय १६ स्थानका लागि मतदान भएको थियो । तेस्रो चरणको यस चुनावमा करिब १८ करोड ५६ लाख मतदाता रहेका थिए ।

यस्तै गत अप्रिल १८ मा भएको दोस्रो चरणको निर्वाचनमा ११ वटा राज्य र एउटा केन्द्र शासित राज्यमा गरी ९५ स्थानका लागि मतदान भएको थियो ।

यसैगरी, अप्रिल ११ मा भएको पहिलो चरणको चुनावमा ६९.४३ प्रतिशत मतदान भएको थियो । उक्त चुनाव १८ वटा राज्य एवं दुइवटा केन्द्र शासित प्रदेशमा ९१ स्थानका लागि भएको थियो । सात चरणको चुनाव सम्पन्न भएपछि मे २३ मा मतगणना हुनेछ ।